# क्रमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु (Persistent Organic Pollutants) सम्बन्धी स्टकहोम महासन्धि ।

यस महासन्धिका पक्षहरु

क्रमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुमा रहने बिषाक्त तत्वहरु, विखण्डन नहुने, जैविक संचय वायोएक्युमुलेट हुने, हावा, पानी तथा बसाईसराई गर्ने जीवहरु मार्फत अन्तर्राष्ट्रिय सीमापार स्थानान्तरण हुने र आफू श्रृजित भएको स्थान भन्दा टाढा पुगी त्यहाँका जलीय एवं स्थलीय परिस्थितिक प्रणालीमा जम्मा हुने कुराहरुलाई स्वीकार गर्दै,

बिशेषत: बिकासशील राज्यहरुमा क्रमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु रहेको ठाउँबाट हुने सिधा सम्पर्कले खासगरी महिला र उनीहरु मार्फत भावी सन्ततीमा पर्ने असरहरुबाट उत्पन्न स्वास्थ्य सरोकार प्रति सचेत हुंदै,

क्रमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको जैविक अभिबृद्धि (वायोम्याग्निफिकेशन) का कारण ध्रुवीय परिस्थितिक प्रणाली तथा आदिवासी समुदायहरु र बिशेष गरी जोखिममा रहेका र तिनीहरुको परम्परागत खाद्यबस्तुको प्रदुषण जन स्वास्थ्यको बिषय भएको कुरालाई स्वीकार गर्दै,

क्रमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुका सम्बन्धमा बिश्वव्यापी रुपमा क्रियाकलापको आवश्यकता रहेको कुरा प्रति सचेत रहदैं,

क्रमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको उत्सर्जन र निष्काशनलाई घटाउने तथा निराकरण गर्ने उपायहरुद्धारा मानव स्वास्थ्य तथा वातावरणको सुरक्ष ागर्ने अन्तर्राष्ट्रिय कारवाहीको पहल गर्ने संयुक्त राष्ट्र

नेपाल कानून आयोग

संघीय वातावरण कार्यक्रमको संचालक परिषदको सम्वत् २०५३ साल माघ २५ गते तद्नुसार ७ फेब्रुअरी १९९७ को निर्णय १९/१३ सी लाई मनन गर्दै,

सम्बद्ध अन्तर्राष्ट्रिय वातावरण सम्वन्धी महासन्धिहरु र विशेषतः अन्तर्राष्ट्रिय व्यापारमा केही हानिकारक रसायन तथा जीवनाशक बिषादीको पूर्व जानकारी गराउने सहमतिको कार्यविधि सम्वन्धी रोटरडाम महासन्धि, हानिकारक फोहरमैलाहरुको अन्तर्राष्ट्रिय सीमा वारपारको ओसार पसारको नियन्त्रण तथा त्यसको निष्काशन सम्वन्धी बासेल महासन्धि र यसको धारा ११ को रुपरेखा अन्तर्गत भएका क्षेत्रीय सम्भौताहरु समेतका महत्वपूर्ण प्रावधानहरुको स्परण गर्दै,

वातावरण तथा विकास सम्वन्धी रियोघोषणा र एजेन्डा - २१ का महत्वपूर्ण प्रावधानहरु समेतको स्मरण गर्दै,

पूर्व सावधानी सम्पूर्ण पक्षहरुको चासोमा आधारित हुन्छ र सो कुरा यस महासन्धिमा अन्तरनिहित रहेको छ भन्ने कुरालाई स्वीकार गर्दै,

यो महासन्धि र व्यापार तथा वातावरणका क्षेत्रमा भएका अन्य अन्तर्राष्ट्रिय संभौताहरु परस्पर मेल खान्छन् भन्ने कुरालाई ध्यानमा राख्दै,

संयुक्त राष्ट्र संघको बडापत्र तथा अन्तर्राष्ट्रिय कानूनको सिद्धान्तहरु अनुरुप राज्यहरुलाई आ-आफ्नो वातावरणीय एवं विकास सम्वन्धी नीतिहरु बमोजिम आ-आफ्ना श्रोतहरुको उपयोग गर्ने सार्वभौम अधिकार र राज्यको आफ्नो क्षेत्राधिकार वा नियन्त्रण भित्रका कृयाकलापहरुले अन्य राज्यहरु वा राष्ट्रिय क्षेत्राधिकारको सीमाभन्दा बाहिरको क्षेत्रहरुको वातावरणलाई हानि नोक्सानी पुग्न जाँदैन भन्ने कुराको सुनिश्चित गर्ने दायित्व रहेको कुरालाई पुनः समर्जन गर्दै,

नेपाल कानून आयोग

बिकासोन्मुख राज्यहरु र त्यसमध्ये पनि खासगरी अतिकम बिकसित राज्यहरु र संक्रमणकालीन अर्थतन्त्र भएका राज्यहरुको अबस्था तथा आवश्यकता त्यसमा पनि बिशेषगरी पक्ष राज्यहरु बीच प्रविधिको हस्तान्तरण बित्तीय एवं प्राविधिक सहयोगको व्यवस्था र सहयोग अभिबृद्धि मार्फत् समेत रसायनहरुको व्यवस्थापनका निम्ति त्यस्ता राज्यहरुको राष्ट्रिय क्षमता सुद्धृढ गर्नपर्ने आवश्यकतालाई ध्यान दिदै,

संम्बत् २०५१ साल बैशाख २३ गते तद्नुसार ६ मे १९९४ का दिन बाबांडोसमा पारित गरिएको बिकासशील साना टापू राज्यहरुको दिगो बिकासका लागि निर्मित कार्यक्रमलाई पूर्ण रुपमा ध्यान दिदै,

बिकास तथा बिकासोन्मुख राज्यहरुको आ-आफ्नो क्षमताका साथै वातावरण तथा विकास सम्बन्धी रियो घोषणाको सिद्धान्त ७ मा उल्लिखित राज्यहरुको साझा तर फरक फरक दायित्वलाई हेक्का राख्दै,

निजी क्षेत्र तथा गैर सरकारी संस्थाहरुले कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको उत्सर्जन एवं निश्काशनको न्यूनिकरण तथा निराकरण गर्नमा महत्वपूर्ण योगदान पु-याउन सक्दछ भन्ने कुरालाई स्वीकार गर्दै,

कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुका उत्पादकहरुले आफ्ना उत्पादनहरुवाट भएका प्रतिकुल असरहरुलाई घटाउने तथा त्यस्ता रसायनहरुको जोखिमपूर्ण गुणहरुवारे प्रयोगकर्ता, सरकार तथा जनसाधारणलाई सु-सुचित गर्ने दायित्व निजहरुले नै ग्रहण गर्नु पर्ने कुराको महत्वलाई जोड दिदैं,

कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको जीवन चक्का सवै चरणहरुवाट हुने प्रतिकूल असरहरुलाई रोक्ने उपायहरुको अवलम्वन गर्ने आवश्यकता प्रति सचेत हुदैं,

सिद्धान्ततः प्रदूषणको खर्च प्रदूषकहरुले नै व्यहोर्नु पर्दछ भन्ने कुरालाई ध्यान दिई राष्ट्रिय अधिकारीहरुले वातावरणीय मूल्यको आन्तरिकीकरणलाई प्रवर्द्धन गर्ने तथा आर्थिक विधिहरुको प्रयोग र सार्वजनिक हित र अन्तर्राष्ट्रिय व्यापार तथा लगानीमा खलन नपार्ने प्रयत्न गर्नु पर्दछ, भन्ने वातावरण तथा विकास सम्वन्धी रियो घोषणाको सिद्धान्त १६ मा उल्लेखित कुरालाई पुनः समर्थन गर्दै,

कीटनाशक र औद्योगिक रसायनहरुका लागि नियमनकारी तथा मूल्यांकन कार्यक्रमहरु नभएका पक्षहरुलाई तयस्ता कार्यक्रमहरु बनाउन प्रोत्साहन गर्दै,

वातावरणीय दृष्ट्रिले उपयुक्त बैकल्पिक प्रकृया एवं रसायनहरुको बिकास एवं प्रयोगको महत्वलाई स्वीकार गर्दै,

कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको हानिकारक असरहरुवाट मानव स्वास्थ्य तथा वातावरणलाई संरक्षण गर्ने कुरामा दृढ हुँदै,

देहाय बमोजिम सहमत भएका छन् :

**धारा - १**

**उद्देश्य**

वातावरण तथा विकास सम्वन्धी रियो घोषणाको सिद्धान्त १५ मा उल्लेखित सावधानी उपागमलाई मनन गर्दै मानव स्वास्थ्य एवं वातावरणलाई कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुवाट संरक्षण गर्नु यस महासन्धिको उद्देश्य रहेको छ ।

नेपाल कानून आयोग

## धारा - २

## परिभाषा

यस महासन्धिको प्रयोजनको निमित्त,

क. “पक्ष” भन्नाले यस महासन्धिवाट बन्धित हुन सहमत भएको तथा यो महासन्धि लागू हुने कुनै राज्य वा क्षेत्रीय आर्थिक एकीकरण संगठन सम्झनु पर्छ ।

ख. “क्षेत्रीय आर्थिक एकीकरण संगठन” भन्नाले सदस्य राज्यहरुले यस महासन्धि अन्तर्गत नियमित भएका बिषयहरुका सम्बन्धमा सक्षमता सुम्पिएका र यस महासन्धिको हस्ताक्षर, अनुमोदन, समर्थन, स्वीकृति, गर्न वा यसमा सम्मिलन हुनका लागि त्यसको आन्तरिक कार्यविधि अनुसार विधिवत अख्तियारी प्रदान गरिएका कुनै निश्चित क्षेत्रका सार्वभौमसत्ता सम्पन्न राज्यद्धारा स्थापित संगठन सम्झनु पर्छ ।

ग. “उपस्थित भई र मतदान गर्ने पक्षहरु” भन्नाले उपस्थित भई सकारात्मक वा नकारात्मक मत दिने पक्षहरुलाई सम्झनु पर्छ ।

## धारा - ३

## नियोजित उत्पादन तथा प्रयोगवाट निश्काशन घटाउने वा निराकरण गर्ने उपायहरुः

१. प्रत्येक पक्षले,

क) देहायका कुराहरु निराकरण गर्न प्रतिवन्ध लगाउने वा कानूनी तथा प्रशासनिक उपायहरुको अवलम्वन गर्नेछ :

(१) अनुसूची-क मा सूचिकृत रसायनहरुको सोही अनुसूचीको प्रावधानहरुका अधिनमा रही उत्पादन तथा प्रयोग, र

नेपाल कानून आयोग

(२) अनुसूची - क मा सूचिकृत रसायनहरुको उपधारा २ को प्रावधान बमोजिम पैठारी तथा निकासी, तथा

ख) अनुसूचि - ख मा सूचिकृत रसायनहरुको सोही अनुसूचीमा उल्लेख प्रावधानहरु बमोजिम उत्पादन तथा प्रयोगलाई रोक लगाउनेछन् ।

२. प्रत्येक पक्षले देहायको कुरालाई सुनिश्चित गर्ने उपायहरुको अवलम्वन गर्नेछन् ।

(क) अनुसूची - क वा अनुसूची - ख मा सुचिकृत रसायनहरु देहायको अवस्थामा पैठारी गरिनेछ,

(१) धारा ६ को उपधारा १ को खण्ड (घ) मा उल्लेख भए बमोजिम वातावरणीय द्धृष्टिले उपयुक्त ढंगवाट निश्काशन गर्ने प्रयोजनका निमित्त, वा

(२) अनुसूची - क वा अनुसूची ख बमोजिम पक्षका लागि अनुमति प्राप्त प्रयोग वा प्रयोजनको लागि ।

(ख) कुनै उत्पादन वा प्रयोगको बिशेष छुट प्रभावमा रहेको अनुसूची - क मा सूचीकृत रसायन वा कुनै उत्पादन वा प्रयोगको बिशेष छुट वा स्वीकार्य प्रयोजन प्रभावमा रहेको अनुसूची - ख मा सूचिकृत रसायनको अग्रीम जानकारी सहमति सम्बन्धी बिद्यमान अन्तर्राष्ट्रिय लिखतका कुनै पनि सान्दर्भिक प्रावधानलाई ध्यानमा राखी देहाय बमोजिम मात्र पैठारी गर्नेछ ।

(१) धारा ६ को उपधाररा १ को खण्ड (घ) मा उल्लेखित भए वमोजिम वातावरणीय दृष्टिले उपयुक्त ढंगवाट निश्काशन गर्ने प्रयोजनका निमित्त,

नेपाल कानून आयोग

(२) अनुसूची - क वा अनुसूची - ख बमोजिम रसायन प्रयोग गर्न अनुमति प्राप्त पक्षलाई वा,

(३) यस महासन्धिको पक्ष नभएको राज्यलाई जसले पक्षलाई वार्षिक प्रमाणिकरण उपलब्ध गराएको छ । त्यस्तो प्रमाणिकरणमा रसायन प्रयोग गर्ने मनसाय उल्लेख हुनु पर्नेछ र त्यसमा सो रसायनको सम्वन्धमा पैठारी गर्ने राज्यले देहायको कार्य गर्न प्रतिवद्ध रहेको बिवरण समेत समावेश हुनु पर्नेछ,

(क) निश्काशन घटाउने वा रोक्ने आवश्यक उपायहरु अवलम्वन गरी मानव स्वास्थय एवं वातावरणको सुरक्षा गर्ने,

(ख) धारा ६ को उपधारा १ को प्रावधानहरु पालना गर्ने, र

(ग) उपयुक्त भए बमोजिम अनुसूची - ख भाग २ को प्रावधान पालना गर्ने, सो प्रमाणिकरणमा बिधायन, नियमनकारी लिखतहरु वा प्रशासनिक वा नीति निर्देशिका जस्ता उपयुक्त समर्थनकारी लिखत समेत समावेश हुनु पर्नेछ ।

ग. कुनै पनि पक्षको निमित्त उत्पादन तथा प्रयोगको बिशेष छूट प्रभावमा नरहेको अनुसूची - क मा सूचीकृत भएको रसायनको धारा ६ को उपधारा १ को खण्ड (घ) मा उल्लिखित वातावरणीय दृष्टिले उपयुक्त निश्काशन गर्ने प्रयो.जनका निम्ति वाहेक त्यस्तो पक्ष राज्यवाट निकासी गरिने छैन ।

घ. यस उपधाराको प्रयोजनका निमित्त “यस महासन्धिको पक्ष नभएको राज्य” भन्ने शब्दहरुले खास रसायनको सम्बन्धमा त्यस्तो रसायनको महासन्धिवाट बन्धित हुन मञ्जुर नगरेको कुनै राज्य बा क्षेत्रीय आर्थिक एकीकरण संगठन समेतलाई जनाउनेछ ।

नेपाल कानून आयोग

३. नयाँ कीटनाशक वा औद्योगिक रसायनहरुको लागि एक वा सो भन्दा बढी नियमनकारी तथा मुल्यांकन कार्यक्रम भएको प्रत्येक पक्षले अनुसूची - ६ को प्रकरण १ को मापदण्डहरुलाई ध्यानमा राखी चीरस्थायी प्रयोगलाई रोक लगाउने उद्देश्यका साथ नियमन गर्ने उपायहरु अपनाउनेछ ।

४. कीटनासक वा औद्योगिक रसायनहरुका लागि एक वा सो भन्दा नियमनकारी तथा मूल्यांकन कार्यक्रम भएका प्रत्येक पक्षले हाल प्रयोगमा रहेका कीटनाशक औषधि वा औद्योगिक रसायनहरुको मूल्यांकन गर्दा उपयुक्तता अनुसार त्यस्ता योजनाहरु अन्तर्गत अनुसूची - घ को प्रकरण १ मा उल्लेखित मापदण्डलाई ध्यान दिनेछ ।

५. यस महासन्धिमा अन्यथा उल्लेख भएकोमा वाहेक प्रयोगशाला स्तरका अनुसन्धान वा सन्दर्भ मापनको रुपमा प्रयोग हुने रसायनको परिभाषामा उपधारा १ र २ लागू हुने छैनन् ।

६. अनुसूची क बमोजिम बिशेष छुट वा अनुसूची ख बमोजिम बिशेष छूट वा स्वीकार्य प्रयोजन भएका कुनै पक्षले वातावरणमा मानवीय प्रभाव तथा निश्काशनलाई रोक्ने वा क मगर्ने तरिकावाट त्यस्तो छुट वा प्रयोजन अन्तर्गत कुनै उत्पादन वा प्रयोग गरिएको छ भन्ने कुरा सुनिश्चित गर्न उपयुक्त उपायहरु अवलम्वन गर्नेछ । सामान्य प्रयोगको अबस्थामा वातावरणमा नियोजिन निश्काशनमा संलग्न छूट प्रदान गरिएको प्रयोग वा स्वीकार्य प्रयोजनका निमित्त लागू हुने मापदण्ड एवं निर्देशिकाहरुलाई ध्यानमा राखी त्यस्तो आवश्यक निश्काशन सकेसम्म कम हुनु पर्नेछ ।

नेपाल कानून आयोग

## धारा ४

## बिशेष छूटहरुको दर्ता अभिलेख

१. अनुसूची - क को अनुसूची - ख मा सूचीकृत बिशेष छूटहरु भएका पक्षहरुको पहिचान गर्ने प्रयोजनका लागि एक दर्ता अभिलेख खडा गरिएको छ । सम्पूर्ण पक्षहरुले प्रयोग गर्न सक्ने अनुसूची - क वा अनुसूची - ख का प्रावधानहरु प्रयोग गर्ने पक्षहरुलाई यसले पहिचान गर्ने छैन । दर्ता अभिलेख सचिवालयले खडा गर्नेछ र सर्वसाधारणलाई उपलब्ध हुनेछ ।

२. दर्ता अभिलेखमा देहायका कुराहरु समावेश हुनु पर्नेछ :

(क) अनुसूची - क र अनुसूची - ख वाट उतार गरिएका बिशेष छूटका किसिमहरुको सूची,

(ख) अनुसूची - क वा अनुसूची - ख अन्तर्गत सूचीकृत बिशेष छूट भएको पक्षहरुको सूची २,

(ग) दर्ता भएका प्रत्येक बिशेष छूटको म्याद समाप्त हुने मितिको सूची ।

३. कुनै पनि राज्यले पक्ष हुँदाका बखत सचिवालयमा लिखित सूचना दिई अनुसूची - क वा अनुसूची - ख मा सूचीकृत एक वा सो भन्दा बढी किसिमका बिशेष छूटहरु दर्ता गर्न सक्नेछ ।

४. पक्षले दर्ता अभिलेखमा पहिले नै समाप्त हुने मिति उल्लेख गरेकोमा वा उपधारा ७ बमोजिम समयावधि थप भएकोमा बाहेक कुनै खास रसायनको सम्बन्धमा बिशेष छूटको सम्पूर्ण दर्ता यो महासन्धि प्रारम्भ भएको पाँच बर्ष पछि समाप्त हुनेछ ।

५. पक्षहरुको सम्मेलनले आफ्नो पहिलो बैठकमा दर्ता अभिलेखमा प्रबिष्टिका लागि यसको समिक्षाका प्रकृयाका सम्बन्धमा निर्णय गर्नेछ ।

नेपाल कानून आयोग

६. दर्ता अभिलेखमा प्रबिष्टिको समिक्षा गर्नु भन्दा पहिले सम्बन्धित पक्षले आफ्नो छूट दर्तालाई निरन्तरता दिन आवश्यक छ भन्ने पुष्ट्याई सहितको प्रतिवेदन सचिवालयमा पेश गर्नेछ । सचिवालयले सो प्रतिबेदन सबै पक्षहरुलाई बितरण गर्नेछ । दर्ताको समिक्षा उपलब्ध सम्पूर्ण जानकारीको आधारमा सम्पन्न गरिनेछ । त्यस उपर पक्षहरुको सम्मेलनले सम्बन्धित पक्षलाई आफूले उपयुक्त ठानेको सिफारिश गर्न सक्नेछ ।

७. सम्बन्धित पक्षको अनुरोधमा पक्षहरुको सम्मेलनले बिशेष छूटको म्याद समाप्त हुने अबधि पाँच बर्ष सम्मका लागि थप गर्ने निर्णय गर्न सक्नेछ । यो निर्णय गर्दा पक्षहरुको सम्मेलनले बिकासशील देशका पक्षहरु र संक्रमणकालीन अर्थतन्त्र भएका पक्षहरुको बिशेष परिस्थितिलाई समुचित ध्यान दिनेछ ।

८. कुनै पक्षले सचिवालयलाई लिखित सूचना दिई कुनै पनि बखत बिशेष छूटका लागि गरिएको प्रबिष्टि दर्ता अभिलेखबाट फिर्ता लिन सक्नेछ । त्यसरी लिईएको फिर्ता सूचनामा निर्धारित मिति देखि लागू हुनेछ ।

९. कुनै खास किसिमको बिशेष छूटका लागि भएको दर्तामा कुनै पनि पक्ष नभए सो सम्बन्धमा नयाँ दर्ता गर्न सकिने छैन ।

**धारा ५**

**अनियोजिन उत्पादनवाट सृजित निश्काशन घटाउने वा अन्त्य गर्ने उपायहरु :**
प्रत्येक पक्षले अनुसूची - ग मा सूचीकृत रसायनहरु मध्ये हरेकको मानव सृजित स्रोतहरुवाट उत्पन्न हुने सम्पूर्ण निश्काशनलाई निरन्तर रुपमा घटाउंदै लैजाने तथा सम्भव भएसम्म अन्ततः उन्मूलन गर्ने लक्ष्य लिई सो घटाउनका लागि कम्तीमा देहायको उपायहरु अवलम्बन गर्नेछ ।

नेपाल कानून आयोग

(क) अफ्नो हकमा यो महासन्धि लागू भएको मितिले दुई बर्षभित्र कार्य योजना वा उपयुक्तता अनुसार क्षेत्रीय वा उप क्षेत्रीय कार्य योजना बिकास गर्ने तथा तदोपरान्त यसलाई अनुसूची - ग मा सूचीकृत रसायनहरुको निश्काशनको पहिचान गर्न, गुण छुट्याउन तथा त्यसलाई सम्वोधन गर्नका लागि व्यवस्थित धारा ७ मा उल्लिखित आफ्नो कार्यान्वयन योजनाको एउटा अंगको रुपमा कार्यान्वयन गर्ने र खण्ड ख देखि ङ सम्मको कार्यान्वयनलाई सहज बनाउने । सो कार्य योजनामा देहायका कुराहरु समाबेश भएको हुनु पर्नेछ ।

१. अनुसूची - ग मा पहिचान गरिएका स्रोतका प्रकारहरुलाई ध्यान दिई वर्तमान तथा प्रक्षेपित निश्कासनका साथै स्रोत भण्डारणको बिकास एवं सुधार र अनुमानित निश्कासनको मूल्यांकन,

२. त्यस्ता निश्कासनको व्यवस्थापन सम्बन्धमा भएका पक्षका कानून तथा नीतिहरुको प्रभाव मूल्यांकन ,

३. खण्ड (१) र (२) को मूल्यांकनलाई बिचार गरी यस धाराको दायित्वहरु पूरागर्ने रणनीतिहरु,

४. त्यस्ता रणनीतिहरुको सम्वन्धमा शिक्षा तथा तालिम एवं सचेतना प्रवर्द्धन गर्ने कदमहरु,

५. त्यस्ता कदमहरु, रणनीतिहरुको प्रत्येक पांच बर्षको समिक्षा र यस धाराको दायित्वहरु पूरा गर्न भएका सफलता र त्यस्तो समिक्षा धारा १५ बमोजिम पेश गरिएको प्रतिवेदनमा संलग्न गरेको हुनुपर्नेछ ।

क) कार्य योजनाका साथै रणनीति एवं त्यसमा पहिचान गरिएका उपायहरुको कार्ययोजना कार्यान्वयनका लागि तय गरिएको कार्य तालिका,

नेपाल कानून आयोग

ख) यथार्थपरक एवं सार्थक तहको निश्कासन कटौती वा स्रोतको उन्मूलन गर्ने कार्यलाई सहज बनाउन सक्ने उपलब्ध, संभाब्य तथा व्यवहारिक उपायहरुको प्रयोगलाई बढाउने,

ग) अनुसूची - ग को प्रतिवन्ध तथा निश्कासन घटाउने आयहरु सम्बन्धी सामान्य मार्गदर्शन, मार्ग निर्देशिका र पक्षहरुको सम्मेलनद्धारा पारित माग निर्देशिकालाई ध्यानमा राखी अनुसूची - ग मा सूचीकृत रसायनहरुको उत्पादन तथा निश्कासनलाई रोक्न प्रतिश्थापित वा रुपान्तरित सामाग्री, उत्पादन र प्रकृयाको प्रयोगलाई बिकास गर्ने तथा उपयुक्त भएमा त्यसको प्रयोग गर्न लगाउने,

घ) पक्षले गर्ने भनी प्रत्याभूत गरिएको कार्यको रुपमा आफ्नो कार्य योजनामा पहिचान गरेको स्रोतका प्रकार अन्तर्गतका नयाँ स्रोतहरुका निमित्त अनुसूची - ग को भाग २ मा पहिचान गरिएका श्रोतका प्रकारहरुलाई खासगरी प्रमुख रुपमा जोड दिंदै उपलब्ध सर्वोत्तम बिधिको प्रयोगलाई प्रबर्द्धन गर्ने तथा आफ्नो कार्य योजनाको कार्यान्वयन तालिका बमोजिम त्यस्तो प्रयोग गर्न लगाउने कुनै पनि अबस्थामा सो अनुसूचीको भाग २ मा सूचीकृत प्रकारहरु अन्तर्गतको नयाँ स्रोतहरुका निमित्त उपलब्ध सर्बोतम बिधिको प्रयोग गर्ने आवश्यकतालाई यथासक्य चाँडो, तर सम्बन्धित पक्षको हकमा महासन्धि लागू भएको चार बर्ष नबित्दै, कार्यान्बयनमा ल्याई सक्नु पर्नेछ । पहिचान गरिएका प्रकारहरुका लागि पक्षहरुले वातावरणीय दृष्टिले सर्वोत्तम अभ्यासको प्रयोगलाई अभिबृद्धि गर्नेछन् । उपलब्ध सर्बोत्तम बिधि र वातावरणीय दृष्टिले सर्बोतम अभ्यासहरुको प्रयोग गर्दा पक्षहरु सो अनुसूचीको निश्कासन निवारण गर्ने तथा घटाउने उपायहरु सम्बन्धी सामान्य मार्गदर्शन तथा उपलब्ध सर्वोत्तम विधि सम्बन्धी मार्ग निर्देशिका र पक्षहरुको सम्मेलनको निर्णयद्धारा पारित गरिने बातावरणीय दृष्टिले सर्वोत्तम अभ्यासहरुलाई ध्यान दिनु पर्नेछ ।

नेपाल कानून आयोग

ङ) आफ्नो कार्य योजना बमोजिम देहाय कुरा पुरा गर्नका लागि उपलब्ध सर्वोतम बिधि एवं वातावरणीय दृष्टिले सर्बोत्तम अभ्यासहरु अभिबृद्धि गर्ने,

(१) अनुसूची - ग को भाग २ मा सूचीकृत स्रोतका प्रकार तथा सो अनुसूचीको भाग ३ बमोजिमका स्रोतका प्रकार अन्तर्गतका मौजुदा स्रोतहरुका लागि,

(२) खण्ड - घ अन्तर्गत पक्षले उल्लेख नगरेको अनुसूची - ग को भाग ३ मा सूचीकृत भए बमोजिमका स्रोतका प्रकार अन्तर्गतका नयाँ स्रोतहरुका लागि ।

उपलब्ध बिधि तथा वातावरणीय दृष्टिले सर्वोत्तम अभ्यासहरुको प्रयोग गर्दा पक्षहरुले अनुसूची - ग को निश्कासन निवारण गर्ने तथा घटाउने उपायहरु सम्बन्धी सामान्य मार्गदर्शन एवं उपलब्ध सर्वोत्तम बिधि सम्बन्धि मार्ग निर्देशिका र पक्षहरुको सम्मेलनको निर्णयद्धारा पारित गरिने वातावरणीय दृष्टिले सर्वोत्तम अभ्यासहरुलाई ध्यान दिनु पर्नेछ ।

च. यो धारा र अनुसूची - ग को प्रयोजनका निमित्त - अ “उपलब्ध सर्वोत्तम बिधि” भन्नाले कृयाकलापहरुको त्यस्ता सबैभन्दा प्रभावकारी एवं सबैभन्दा अत्याधुनिक अबस्था र कार्य संचालन तरिका सम्झनु पर्छ, जसले अनुसूची - ग को भाग १ मा सूचीकृत रसायनहरुको निश्कासन एवं सम्पूर्ण वातावरण उपरको त्यसको प्रभावलाई रोक्न र ब्यवहारिक द्धृष्टिकोणले सो सम्भव नभएको अवस्थामा सामान्यतः त्यसलाई क मगर्न बनाईएको निश्कासन सीमाको आधार प्रदान गर्ने सिद्धान्तः व्यवहारिक दृष्टिले उपयुक्त बिधिलाई अंकित गर्दछ । यस सम्बन्धमा,

नेपाल कानून आयोग

आ. “बिधि” भन्नाले प्रयोग भएको प्रविधि र तरिका दुबैलाई समेट्दछ, जस अन्तर्गत प्रारुपको प्रतिस्थापन, निर्माण, संभार, संचालन तथा बिघटन गरिएको हुन्छ ।

इ. “उपलब्ध बिधि” भन्नाले संचालकलाई उपलब्ध भएको र लागत एवं फाइदालाई बिचार गरी आर्थिक एवं प्राविधिक दृष्टिले संभाव्य अबश्थामा सम्बन्धित औद्योगिक क्षेत्रमा कार्यान्वयन गर्न सकिने मात्रामा बिकसित गरिएको बिधि सम्झनु पर्दछ ।

ई. “सर्वोत्तम” भन्नाले सम्पूर्ण वातावरणको सामान्यतः उच्चस्तरको संरक्षण प्राप्तिको लागि सबैभन्दा प्रभावकारी रहेको अवस्था सम्झनु पर्छ ।

उ. “वातावरणीय दृष्टिले सर्वोत्तम अभ्यास” भन्नाले बातावरणीय नियन्त्रण उपाय र रणनीतिको सबैभन्दा उपयुक्त संयोजनको प्रयोग सम्झनु पर्छ ।

ऊ. “नयाँ स्रोत” भन्नाले त्यस्तो कुनै स्रोत जसको संरचना वा आधारभूत रुपान्तरण देहायको मितिले कम्तीमा एक बर्ष पछि प्रारम्भ हुन्छ ।

क) सम्वन्धित पक्षको निमित्त यो महासन्धि लागू भएको मिति वा ,

ख) अनुसूची - ग मा भएको संशोधन सम्बन्धित पक्षको निमित्त लागू भएको मिति, जुन संशोधनको कारणले मात्र त्यस्तो स्रोत यस महासन्धिको प्रावधानहरुको अधिनमा रहने हुन्छ ।

छ. पक्षले यस धारा अन्तर्गत उपलब्ध सर्बोत्तम निश्कासन सीमा मूल्य वा कार्य सम्पादन मापदण्डको प्रयोग गर्न सक्ने छ ।

**धारा ६**

**सञ्चय तथा फोहरको शिकासनलाई घटाउने वा अन्त्य गर्ने उपायहरु :**

१) अनुसूची - क वा अनुसूची - ख मा सूचीकृत भएका रसायनहरुले बनेको वा रसायनहरु निहित रहेको सञ्चय र अनुसूची - क, ख, वा ग मा सूचीकृत रसायनले बनेको वा मिसावट भएको वा त्यस्तो रसायन निहित रहेको फोहोरका सार्थ फोहर सृजना हुँदाको उत्पादन एवं वस्तु समेतलाई मानव स्वास्थ्य एवं वातावरणको सुरक्षा हुने तरिकाले व्यवस्थित गरिएको छ भन्ने कुरालाई सुनिश्चित गर्न प्रत्येक पक्षले:

क) देहायका पहिचान गर्न उपयुक्त रणनीतिहरु बिकास गर्नेछ :

१. अनुसूची - क वा अनुसूची - ख मा सुचीकृत रसायनहरुले बनेको वा ती रसायनहरु निहित रहेको सञ्चय,

२. प्रयोगमा रहेको उत्पादन एवं वस्तुहरु र अनुसूची - क, ख वा ग मा सूचीकृत रसायनले बनेको वा मिसावट भएको वा त्यस्तो रसायन निहित रहेको फोहरहरु ।

ख) खण्ड - क मा उल्लेखित रणनीतिहरुको आधारमा अनुसूची - क, ख र ग मा सूचीकृत रसायनहरुले बनेको वा तयस्ता रसायनहरु निहित रहेको सञ्चयलाई यथासंभव पहिचान गर्नेछ,

ग) सञ्चयलार्य उपयुक्तता अनुसार सुरक्षित, कुशल एवं वातावरणीय दृष्टिले उपयुक्त तरिकाले व्यवस्थापन गर्नेछ । धारा ३ को उपधारा २ बमोजिम निकासी गर्न सकिने सञ्चय बाहेकका अनुसूची - क मा तोकिएको कुनै पनि बिशेष छुट वा अनुसूची - ख मा तोकिएको कुनैपनि बिशेष छुट वा स्वीकार्य प्रयोजन अनुरुप प्रयोगमा ल्याउन नसकिने भएका अनुसूची - क वा अनुसूची - सूचीकृत रसायनहरुको सञ्चयलाई फोहर मानिने छैन र त्यसलाई खण्ड (घ) बमोजिम व्यवस्थगापन गरिने छ ।

नेपाल कानून आयोग

घ) फोहरहरुका साथै फोहरवाट सृजित हुँदाको उत्पादन तथा बस्तुहरुको सम्बन्धमा देहायका उपयुक्त उपायहरु अवलम्बन गर्नेछ ।

अ. वातावरणीय दृष्टिले उपयुक्त तरिकाले ब्यवस्थापन, संकलन, ओसार पसार तथा भण्डारण गरिएका हुनेछन्,

आ. अन्तराष्ट्रिय नियम, मापदण्ड एवं निर्देशिकाको साथै उपधारा २ बमोजिम तर्जुमा गरिने,कमिक रुपमा बृद्धि भई रहने प्रकृतिका प्रदूषकहरु सम्बन्धी स्टकहोम महासन्धि मार्ग निर्देशिकाहरु र हानिकारक फोहोरहरुको ब्यवस्थापन सम्बन्धी सान्दर्भिक बिश्वव्यापी तथा क्षेीय प्रावधान समेतलार्य ध्यान दिई कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषक तत्व नष्ट हुनु पर्नेछ, जसबाट कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुका गुणहरु देखिदैन वा अन्य कुनै किसिमवाट नष्ट वा अपरिवर्तननीय रुपान्तरण गर्दा वातावरणीय दृष्टिले श्रेयस्कर बिकल्प भएको नदेखिने वा कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषक तत्व कम भएको हुने गरी वातावरणीय दृष्टिले उपयुक्त तरिकावाट निश्कासन गरिएको हुन्छ ।

इ. कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको पुर्न प्राप्ति, पुनप्रशोधन, पुनलाभि, प्रत्यक्ष पुनप्रयोग वा बैकल्पिक प्रयोग हुन सक्ने गरी निश्कासन कार्य गर्न नसकिने गरिएको हुन्छ, र

ई. सान्दर्भिक अन्तर्राष्ट्रिय नियम, मापदण्ड, एवं माग निर्देशिकाहरुलाई ध्यान नदिई अन्तर्रराष्ट्रिय सीमा वारपार ढुवानी गरिएको हुँदैन ।

ङ) अनुसूची क-ख वा ग मा सूचीकृत रसायनहरुद्धारा संक्रमित स्थान पहिचान गर्ने उपयुक्त रणनीति तर्जुम ागर्न प्रयत्न गर्नेछ र त्यस्ता स्थानलाई बचाउने उपाय गरिएकोमा सो कार्य वातावरणीय दृष्टिले उपयुक्त ढंगवाट गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

२. पक्षहरुको सम्मेलनले हानिकारक फोहर मैलाहरुको अन्तर्राष्ट्रिय सीमा वारपारको ओसारपसार नियन्त्रण र त्यसको निश्कासन सम्बन्धी बासेल महासन्धि को उपयुक्त अंगहरुलाई अन्य कुराको अतिरिक्त देहायका कार्य समेत गर्न निकटतम रुपमा सहयोग पु-याउनेछ ।

क. अनुसूची - घ को प्रकरण १ मा तोकिए बमोजिमको कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको गुणहरु नदेखिने कुराको सुनिश्चितता प्रदान आवश्यक हुने विनाश तथा अपरिवर्तनीय रुपान्तरणको स्तरहरु कायम गर्ने,

ख. माथि उल्लिखित वातावरणीय दृष्ट्रिले उपयुक्त हुने पक्षहरुले ठानेका निश्कासनका बिधिहरु निर्धारण गर्ने,

ग. उपधारा १ को खण्ड - घ को उपखण्ड (२) मा उल्लिखित चीरस्थायी जैविक कम प्रदूषक तत्वलाई परिभाषित गर्न अनुसूची - क, ख र ग मा सूचीकृत रसायनहरुको उपयुक्त भए बमोजिम केन्द्रीभूत ( कन्सन्ट्रेशन) को मात्रा निर्धारण गर्ने काम खडा गर्ने,

## धारा - ७

## कार्यान्वयन योजना

१. प्रत्येक पक्षले :

क. यस महासन्धि अन्तर्गत आफ्नो दायित्वहरुको कार्यान्वयन गर्नका लागि योजना बिकास गरी सो कार्यान्वयन गर्ने प्रयास गर्नेछ,

ख. आफ्नो हकमा महासन्धि प्रारम्भ भएको मितिले दुई बर्षभित्र आफ्नो कार्यान्वयन योजना पक्षहरुको सम्मेलनमा पठाउनेछ ।

नेपाल कानून आयोग

ग. पक्षहरुको सम्मेलनको निर्णय द्वारा निर्धारित तरिका अनुसार र आवधिक रुपमा आफ्नो कार्यान्वयन योजना उपयुक्तता अनुसार समीक्षा गरी अध्यावधिक गर्नेछ ।

२. पक्षहरुले आ-आफ्नो कार्यान्वयन योजनाहरुको बिकास, कार्यान्वयन, उपयुक्तता अनुसार प्रत्यक्षरुपमा वा बिश्वव्यापी, क्षेत्रीय, एवं उप-क्षेत्रीय संगठनहरु मार्फत सहायोग गर्नेछन् र राष्ट्रिय सरोकारवालाका साथै महिला समूह तथा वालवालिकाहरुको स्वास्थ्यसित सम्बद्ध समूहहरु समेत संग परामर्श गर्नेछन् ।

३. पक्षहरुले कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुका निमित्त राष्ट्रिय कार्य योजनालाई उपयुक्तता अनुसार आ-आफ्नो दिगो बिकास रणनीतिमा समावेश गर्न साधनहरुको प्रयोग गर्न तथा आवश्यकता अनुसार खडा गर्न प्रयाश गर्नेछन् ।

**धारा - ८**

**अनुसूची - क, ख र ग मा रसायनहरुको सूचीकरण**

१. कुनै पक्षले अनुसूची - क, ख वा ग मा रसायनको सूची राख्नका लागि सचिवालय समक्ष प्रस्ताव पेश गर्न सक्नेछ । त्यस्तो प्रस्तावमा अनुसूची - घ मा उल्लिखित जानकारी समावेश गर्नु पर्नेछ । प्रस्ताव तयार गर्दा सो पक्षलाई अन्य पक्षहरु तथा सचिवालयले सहयोग गर्न सक्नेछन् ।

२. सचिवालयले सो प्रस्तावमा अनुसूची - घ मा उल्लिखित जानकारी समावेश भए वा नभएको यकिन गर्नेछ । सो प्रस्तावमा त्यसरी निर्धारण गरिएको जानकारी समावेश छ भन्ने कुरामा सचिवालयले त्यस्तो प्रस्तावलाई कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु समीक्षा समिति समक्ष पठाउनेछ ।

नेपाल कानून आयोग

३. समितिले सो प्रस्तावलाई यस्मा उल्लेख भएका जानकारीको एकिकृत एवं संतुलित ढंगबाट मनन गरी परीक्षण गर्नेछ र लचिलो तथा पारदर्शी ढंगले अनुसूची - घ मा निर्धारित छनोटका आधारलाई समेत अवलम्बन गर्नेछ ।

४. समितिले देहायका कुरामा निर्णय गर्नेछ ,

(अ) छनोटको आधार पूरा भएको कुरामा सन्तुष्ट भएमा सचिवालय मार्फत सम्पूर्ण पक्षहरु तथा पर्यवेक्षकहरुलाई प्रस्ताव एवं समितिको मूल्यांकन उपलब्ध गराउनेछ र अनुसूची - ङ मा उल्लेखित जानकारी पेश गर्ने आमन्त्रण गर्नेछ, वा

(आ) छनोटको आधार पूरा भएको कुरामा सन्तुष्ट नभएमा सचिवालय मार्फत सम्पूर्ण पक्षहरु तथा पर्यवेक्षकहरुलाई सो जानकारी दिनेछ र प्रस्ताव एवं समितिको मूल्यांकन सबै पक्षहरुलाई उपलब्ध गराउनेछ र प्रस्ताव तामेलीमा राखिनेछ ।

५. उपधारा ४ बमोजिम समितिले तामेलीमा राखेको प्रस्ताव उपर कुनै पनि पक्षले पूनः समिति समक्ष प्रस्ताव पेश गर्न सक्नेछ । त्यसरी पूनः प्रस्ताव पेश गरेकोमा सो पक्षको सरोकारका साथसाथै समितिद्धारा थप बिचार गर्नका लागि पुष्ट्याई समेत समावेश गर्न सक्नेछ । यस्तो प्रकृया पछि पनि समितिले सो प्रस्ताव तामेलीमा राखेमा त्यस्तो पक्षले समितिको निर्णय उपर प्रतिवाद गर्न सक्नेछ र सो बिषयका सम्बन्धमा पक्षहरुको सम्मेलनले त्यसको आगामी बैठकमा बिचार गर्नेछ । पक्षहरुको सम्मेलनले अनुसूची - घ मा रहेको छनोटका आधार र समितिको मूल्यांकन तथा कुनै पक्ष वा पर्यवेक्षकले उपलव्ध गराएको कुनै थप जानकारी समेतलाई ध्यान दिई सो प्रस्ताव उपर कारवाही गर्ने वा नगर्ने निर्णय गर्न सक्नेछ ।

६. समितिले छनोटको आधार पूरा भएको छ भन्ने निर्णय गरेको वा पक्षहरुले सम्मेलनको प्रस्ताव उपर कारवाही गर्न निर्णय गरेको अवस्थामा प्राप्त कुनै

नेपाल कानून आयोग

पनि थप सम्बद्ध जानकारी समेतलाई बिचार गरी प्रस्ताव उपर थप समीक्षा गर्नुका साथै अनुसूची - ङ बमोजिम जोखिम बिवरण (रिस्क प्रोफाइल) को मस्यौदा तयार गर्नेछ । समितिले सचिवालय मार्फत त्यस्तो मस्यौदा सम्पूर्ण पक्ष तथा पर्यवेक्षकहरुलाई उपलव्ध गराउनेछ र तिनीहरुवाट प्राविधिक प्रतिकृया संकलन गर्नेछ र त्यस्तो प्रतिकृयालाई बिचार गरी जोखिम बिवरण (रिस्क प्रोफाइल) तयार गर्नेछ ।

७. अनुसूची - ङ बमोजिम सम्पन्न जोखिम बिवरणको आधारमा समितिले देहायका कुरा निर्णय गर्नेछ ।

क) रसायनको लामो दूरीको वातावरणीय प्रवाहका कारणवाट बिश्वव्यापी कारवाहीको आव्हान गर्नु पर्ने गरी मानव स्वास्थ्य एवं वातावरणलाई उल्लेखनीय प्रचिकूल प्रभाव पार्न, सक्ने सम्भव भएमा सो प्रस्ताव उपर कारवाही गर्नेछ । पूर्ण बैज्ञानिक निश्चितताको अभावका कारण त्यस्तो प्रस्तावहरु कारवाही चलाउन बाधा पु-याउने छैन । समितिले अनुसूची - च मा उल्लिखित बिचारका सम्बन्धमा सचिवालय मार्फत सबै पक्ष तथा पर्यवेक्षकहरुवाट जानकारी माग गर्नेछ । त्यसपछि, समितिले रसायनको निमित्त त्यस्तो अनुसूची बमोजिम सम्भावित नियन्त्रण विधिको बिश्लेषण समाविष्ट भएको जोखिम व्यवस्थापन मूल्यांकन तयार गर्नेछ ।

ख) प्रस्तावको कारवाही चालु नराख्ने भएमा समितिले जोखिम बिवरण सचिवालय मार्फत सम्पूर्ण पक्ष तथा पर्यवेक्षकहरुलाई उपलब्ध गराई त्यस्तो प्रस्तावलाई तामेलीमा राख्नेछ ।

८. उपधारा ७ (ख) बमोजिम कुनै प्रस्ताव तामेलीमा राखिएकोमा कुनैपनि पक्षले पक्षहरुको सम्मेलनलाई एक बर्षको अवधि भित्र समितिलाई प्रस्ताव पेश गर्ने तथा अन्य पक्षहरुवाट थप जानकारी माग गर्ने निर्देशन दिई कुनै पनि प्रस्ताव

उपर बिचार गर्न अनुरोध गर्न सक्नेछ । समितिले सो अवधि पश्चात् तथा कुनै पनि जानकारी प्राप्त भएको आधारमा पक्षहरुको सम्मेलन द्धारा निर्धारण हुने प्राथमिकताका साथ उपधारा ६ बमोजिम पुनर्विचार गर्नेछ । यस्तो प्रकृया पश्चात पनि समितिले पुनः सो प्रस्ताव तामेलीमा राखेर सो पक्षले समितिको सो निर्णयउपर प्रतिवाद गर्न सक्नेछ र पक्षहरुको सम्मेलनले अनुसूची - ङ बमोजिम तयार गरिएको जोखिम बिवरणमा आधारित रही समितिको मूल्यांकन र कुनै पक्ष वा पर्यवेक्षकले उपलब्ध गराएको कुनै थप जानकारीलाई समेत बिचार गरी प्रस्तावलाई चालु राख्नु पर्ने निर्णय गर्न सक्नेछ । पक्षहरुको सम्मेलनले सो प्रस्ताव उपर कारवाही गर्ने निर्णय गरेमा समितिले त्यसपछि जोखिम व्यवस्थापन मूल्यांकन तयार गर्नेछ ।

९. समितिले उपधारा ६ मा उल्लिखित जोखिम बिवरण एवं उपधारा ७ (क) वा उपधारा ८ मा उल्लिखित जोखिम व्यवस्थापन मूल्यांकनमा आधारित रही पक्षहरुको सम्मेलनले सो रसायनलाई अनुसूची - क, ख तथा ग मा सूचीकृत गर्नका लागि बिचार गर्नु पर्छकि भन्ने सिफारिश गर्नेछ । पक्षहरुको सम्मेलनले समितिको सिफारिशका साथै कुनै बैज्ञानिक अनिश्चितता समेतलाई उचित ध्यान दिई सो रसायनलाई सावधानी पूर्वक अनुसूची क, ख तथा ग मा सूचीकृत गर्नु पर्ने हो कि सो सम्बन्धमा निर्णयका साथै ती अनुसूचीहरुमा त्यस्तो रसायनको सम्बन्धित नियन्त्रण विधि समेत निर्धारण गर्नेछ ।

नेपाल कानून आयोग

## धारा - ९
## सूचना आदान प्रदान

१. प्रत्येक पक्षले देहायका बिषयसंग सम्बन्धित सूचनाको आदान प्रदान सम्बन्धी कार्यलाई सहज बनाउने छ वा सोको जिम्मेवारी लिनेछ :

क) कमिकरुपमा बृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको उत्पादन, प्रयोग तथा निश्कासनलाई घटाउने वा निराकरण गर्ने कार्य र,

क्रमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको बिकल्पका साथै त्यसको जोखिम र आर्थिक तथा सामाजिक लागत ।

२. पक्षहरुले उपधारा १ मा उल्लिखित सूचना सोझै वा सचिवालय मार्फत आदान प्रदान गर्नेछन् ।

३. प्रत्येक पक्षले त्यस्ता सूचनाहरुको आदान प्रदानका लागि एउटा राष्ट्रिय सम्पर्क बिन्दु तोक्नेछ ।

४. सचिवालयले क्रमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु सम्बन्धी सूचनाका सबै पक्षहरु, अन्तर सरकारी संगठन तथा गैर सरकारी संगठनहरुले उपलब्ध गराएको सूचनाहरुका निमित्त उउटा फारक (क्लियरिङ्ग) गृह संयन्त्रको रुपमा काम गर्नेछ ।

५. यस महासन्धिको प्रयोजनका निमित्त मानव स्वास्थ्य एवं सुरक्षा र वातावरण सम्बन्धी सूचनालाई गोप्य मानिने छैन । यो महासन्धि बमोजिम अन्य सूचना आदान प्रदान गर्ने पक्षहरुले पारस्परिक रुपमा सहमति भए बमोजिम कुनै गोप्य सूचना सुरक्षित राख्नेछन् ।

**धारा - १०**

**सार्वजनिक सूचना, सचेतना एवं शिक्षा**

१. प्रत्येक पक्षले आफ्नो क्षमता अनुसार देहायका कार्यलाई बढवा दिने तथा सहज बनाउनेछ :

क) क्रमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुका सम्बन्धमा आफ्ना नीति निर्माता एवं निर्णयकर्ताहरु बीचको सचेतना,

नेपाल कानून आयोग

ख) धारा ९ को उपधारा ५ लाई ध्यानदिई कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुका सम्बन्धमा प्राप्त सम्पूर्ण सूचनाको सार्वजनिक प्रवन्ध,

ग) बिशेषत : महिला, बालबालिका तथा अति कम शिक्षितहरुका निमित्त कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुका साथै यसका स्वास्थ्य एवं वातावरणीय प्रभाव र त्यसको बिकल्पका बारेमा शैक्षिक तथा जनचेतना कार्यक्रमहरुको निर्माण एवं कार्यान्बयन,

घ) कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु तथा यसका स्वास्थ्य एवं वातावरणीय प्रभावलाई सम्बोधन गर्ने र यस महासन्धिको कार्यान्बयन सम्बन्धमा राष्ट्रियस्तरमा योगदान (इनपुट) प्रदान गर्ने अवसरहरुका सार्थ त्यसको पर्याप्त प्रतिरोध बिकास गर्ने कार्यमा जनसहभागिता,

ङ) कामदार, बैज्ञानिक, शिक्षादाता र प्राविधिक तथा ब्यवस्थापनका कर्मचारीहरुको तालिम,

च) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा शैक्षिक एवं जनचेतना सामाग्रीहरुको बिकास र आदान प्रदान, र

छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा शैक्षिक तथा तालिम कार्यक्रमहरुको बिकास र कार्यान्वयन

२. प्रत्येक पक्षले आफ्नो क्षमता अनुसार उपधारा १ मा उल्लिखित सूचना ब्यवस्थापनको राष्ट्रिय र उपयुक्तता अनुसार उप-क्षेत्रीय, क्षेत्रीय एवं बिश्वव्यापी रुपमा प्रवर्द्धन तथा सहजीकरण गर्न उद्योग एवं पेशागत प्रयोगकर्ताहरुलाई प्रोत्सहन गर्नेछ ।

नेपाल कानून आयोग

३. प्रत्येक पक्षले आफ्नो क्षमता अनुसार उपधारा १ मा उल्लिखित सूचना व्यवस्थापनको राष्ट्रिय र उपयुक्तता अनुसार उप-क्षेत्रीय, क्षेत्रीय एवं बिश्वव्यापी रुपमा प्रवर्द्धन तथा सहजीकरण गर्न उद्योग एवं पेशागत प्रयोगकर्ताहरुलाई प्रोत्साहन गर्नेछ ।

४. पक्षहरुले कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु तथा तिनका विकल्पहरु सम्बन्धी जानकारी प्रदान गर्न सुरक्षात्मक तथ्यांक, तालिका प्रतिवेदन, आम सञ्चार र सञ्चारका अन्य माध्यमहरुको प्रयोग गर्नेछन् र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सूचना केन्द्रहरु स्थापना गर्नेछन् ।

५. प्रत्येक पक्षले अनुसूची - क, ख र ग मा सूचीकृत भएका निश्कासन वा विसर्जन गरिएका रसायनहरुको वार्षिक परिमाणको अनुमान सम्बन्धी संकलन र सूचनाको प्रशारणको निमित्त प्रदूषण निश्कासन एवं दर्तासार जस्ता बिकासशिल संयन्त्रहरुलाई सहानुभूतिपूर्वक बिचार गर्नेछ ।

## धारा ११
## अनुसन्धान, बिकास तथा अनुगमन

१. पक्षहरुले आफ्नो क्षमता अनुसार कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु सम्बन्धमा चिरस्थायी जैविक प्रदूषकहरु र सान्दर्भिक भएको अवस्थामा तिनका बिकल्प एवं सहयोग गर्न क्षमता अनुसार प्रोत्साहन वा प्रयोग गर्नेछन् :

क) वातावरणमा भएका श्रोत र निश्कासन,

ख) मानव एवं वातावरणमा अवस्था एवं रुपान्तरण,

ग) वातावरणीय प्रवाहण अवस्था एवं रुपान्तरण,

घ) मानव स्वास्थ्य एवं वातावरणमा पर्ने असर,

ङ) सामाजिक आर्थिक तथा साँस्कृतिक प्रभाव,

च) निश्कासन न्यूनिकरण वा उन्मूलन र,

छ) श्रोत उत्पन्न गर्ने निश्कासन मापनको बिश्लेषणात्मक प्रविधिको लगत बनाउनका लागि मिल्ने विधिहरु ।

२. पक्षहरुले आफ्नो क्षमता अनुसार उपधारा १ बमोजिमको कारवाही गर्दा देहायको काम गर्नेछन्

क) काममा दोहोरोपना घटाउने आश्यकतालाई ध्यानमा राखी अनुसन्धान, तथ्यांक संकलन एवं मूल्यांकन कार्यको परिभाषा गर्ने संचालन गर्ने, मूल्यांकन तथा लगानी गर्ने उद्देश्य अन्तर्राष्ट्रिय कार्यक्रम, संजाल तथा संलठनहरुलाई उपयुक्तता अनुसार सहयोग गर्ने र त्यसको थप बिकास गर्नेछन् ।

ख) खासगरी बिकासशिल एवं संक्रमणकालीन अर्थतन्त्र भएका मुलुकहरुको राष्ट्रिय बैज्ञानिक तथा प्राविधिक अनुसन्धान क्षमता सुदृढ गर्ने र तथ्यांक एवं बिश्लेषणमा पहुँच बढाउने तथा त्यसको आदान प्रदान गर्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रयत्नमा सहयोग पु-याउने छन् ।

ग) बिकासशिल एवं संक्रमण कालीन अर्थतन्त्र भएका मुलुकहरुको खासगरी बित्तिय तथा प्राविधिक क्षेत्रका सरोकार तथा आवश्यकतालाई ध्यानदिई खण्ड (क) र (ख) मा उल्लिखित प्रयासहरुमा सहभागी हुने ती राज्यहरुको क्षामता सुधारमा सहयोग पु-याउनेछन् ।

नेपाल कानून आयोग

घ) प्रजनन् स्वास्थ्यमा कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको असर हटाउन अघि बढाईएका अनुसन्धान कार्य पूरा गर्नेछन् ।

ङ) यस उपधारामा उल्लिखित आफ्नो अनुसन्धान, बिकास तथा अनुगमन सम्बन्धी कृयाकलापहरुका प्रतिफललाई सामयिक एवं नियमित रुपमा जनसमक्ष पु-याउनेछ, र

च) अनुसन्धान, बिकास एवं अनुगमनवाट प्राप्त सूचनाको भण्डार तथा सम्भारका सम्बन्धमा सहायोगको प्रोत्साहन गर्ने वा थालनी गर्ने काम गर्नेछन् ।

**धारा - १२**

**प्राबिधिक सहायता**

१. यस महासन्धिको सफल कार्यान्वयनका लागि बिकासशील पक्ष मुलुक तथा संकमणकालीन अर्थतन्त्र भएका पक्षहरुवाट भएको अनुरोधको प्रत्युत्तरमा सामयिक तथा उपयुक्त प्राविधिक सहायता प्रदान गर्नु पर्ने कुरालाई पक्षहरु स्वीकार गर्दछन् ।

२. पक्षहरुले बिकासशील पक्ष मुलुक तथा संकमणकालीन अर्थतन्त्र भएका पक्षहरुको बिशेष आवश्यकतालाई ध्यान दिई यस महासन्धि अन्तर्गतका त्यस्ता पक्षहरुको दायित्व कार्यान्वयन गर्ने क्षमता बृद्धि एवं सुदृढ गर्नका लागि सामयिक तथा उचित प्राविधिक सहायता उपलब्ध गराउन सहायोग गर्नेछन् ।

३. यस सम्बन्धमा बिकसित पक्ष मुलुक तथा अन्य पक्षहरुले आ-आफ्नो क्षमता अनुसार उपलब्ध गराउने प्राविधिक सहायतामा यस महासन्धि अन्तर्गतका दायित्व कार्यान्वयन सम्बन्धी क्षमता निर्माणका निमित्त उपयुक्त एवं आपसी सहमति अनुरुप तय भएका प्राविधिक सहायता समावेश गरिनेछ । यस सम्बन्धी थप मार्ग निर्देशन पक्षहरुको सम्मेलनवाट प्रदान गरिनेछ ।

नेपाल कानून आयोग

४. पक्षहरुले यस महासन्धिको कार्यान्वयन गर्ने सम्बन्धमा बिकासशील पक्ष मुलुक र संक्रमणकालिन अर्थतन्त्र भएका पक्षहरुका लागि प्राविधिक सहायता उपलब्ध गराउने तथा प्रविधि हस्तान्तरण बृद्धि गर्ने प्रयोजनका निमित्त उपयुक्तता अनुसारका प्रवन्धहरु खडा गर्नेछन् । यस्ता प्रवन्धहरुमा बिकासशील पक्ष मुलुक एवं संक्रमणकालीन अर्थतन्त्र भएका पक्षहरुलाई यस महासन्धि अन्तर्गतको आफ्नो दायित्व पूरा गर्न सहयोग पु-याउने क्षमता निर्माणका लागि क्षेत्रीय एवं उप-क्षेत्रीय केन्द्रहरु र प्रविधि हस्तान्तरण समेत समावेश गरिनेछ । यस सम्बन्धी थप मार्ग निर्देशन पक्षहरुको सम्मेलनवाट प्रदान गरिनेछ ।

५. पक्षहरुले यस धाराको सन्दर्भमा अतिकम बिकसित मुलुक तथा बिकासशील साना द्धिप मुलुकहरुको प्राविधिक सहायता सम्बन्धी कृयाकलापमा त्यस्ता मुलुकहरुको बिशेष आवश्यकता एवं बिशेष अबस्थालाई पूरा ध्यान दिनेछन् ।

## धारा - १३
## बित्तिय श्रोत तथा संयन्त्र

१. प्रत्येक पक्षले आफ्नो क्षमता अनुसार यस महासन्धिको उद्देश्य हासिल गर्ने अभिप्राय भएका राष्ट्रिय कृयाकलापहरुका सम्बन्धमा आफ्नो राष्ट्रिय योजना, प्राथमिकता तथा कार्यक्रम अनुरुप बित्तिय सहायोग एवं सुविधा उपलब्ध गराउने जिम्मेवारी लिनेछ ।

२. बिकसित पक्ष मुलुकहरुले बिकासशील पक्ष मुलुक तथा संक्रमणकालीन अर्थतन्त्र भएका पक्षहरुलाई प्रापक मुलुक र उपधारा ६ मा वर्णित संयन्त्रमा सहभागी भएको निकायबीच सहमति भए बमोजिम महासन्धि अन्तर्गतका आफ्ना दायित्व पूरा गर्ने उपायहरु कार्यानवयन गर्न स्वीकार गरिएको बृद्धि हुँदै जाने पूरा खर्च जुटाउन सक्ने बनाउन नयाँ एवं थप बित्तिय श्रोतहरु प्रदान गर्नेछन् । अन्य पक्षहरुले पनि स्वेच्छिक रुपमा र आफ्नो क्षमता अनुसार त्यस्ता बित्तिय श्रोतहरु उपलब्ध गराउन सक्नेछन् । अन्य श्रोतवाट प्राप्त योगदानलाई समेत प्रोत्साहन कगर्नु पर्दछ । यस्ता प्रतिवद्धताहरुको

नेपाल कानून आयोग

कायान्वयनमा कोषको पर्याप्त, अनुमानता एवं सामयिक प्रवाहको आवश्यकता र योगदान पु-याउने पक्षहरु बीचको दायित्व बहनको महत्वलाई ध्यान दिनु पर्नेछ ।

३. बिकसित पक्ष मुलुक तथा अन्य पक्षहरुले आफ्नो क्षमता र राष्ट्रिय योजना, प्राथमिकता एवं बहुपक्षीय श्रोत वा माध्यम मार्फत पनि बिकासोन्मुख पक्ष मुलुक तथा संक्रमणकालीन अर्थतन्त्र भएका पक्षहरुलाई यस महासन्धि कार्यान्वयनमा सहायता पु-याउन बित्तिय साधनहरु प्रदान गर्नेछन् र त्यस्ता पक्षले पनि आपसमा सहायता पु-याउन त्यसरी सहायता उपलब्ध गराउनेछन् ।

४. बिकासोन्मुख पक्ष मुलुकहरुले यस महासन्धि अन्तर्गतका आफ्नो प्रतिबद्धता कुन हदसम्म प्रभावकारी रुपमा कार्यान्वयन गर्ने भन्ने कुरा बिकसित पक्ष मुलुकहरुले गर्ने बित्तिय श्रोत प्राविधिक सहायता र प्रविधि हस्तान्तरण सम्बन्धी महासन्धि अन्तर्गतका आफ्ना प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयनमा निर्भर गर्नेछ । मानव स्वास्थ्य एवं वातावरणको सुरक्षाको आवश्यकतालाई समुचित ध्यान दिंदै दिगो आर्थिक तथा सामाजिक बिकास र गरिबी निवारण बिकासोन्मुख पक्ष मुलुकहरुका मुख्य प्राथमिकताहरु हुन् भन्ने तथ्यलाई पूर्ण रुपमा ध्यान दिइनेछ ।

५. पक्षहरुले अतिकम बिकसित मुलुक तथा बिकासोन्मुख साना द्विप मुलुकहरुका लगानी सम्बन्धी कार्य त्यस्ता मुलुकहरुको बिशेष आवश्यकता एवं अवस्थालाई पूरा ध्यान दिनेछन् ।

६. बिकासोन्मुख तथा संक्रमणकालीन अर्थतन्त्र भएका पक्ष मुलुकहरुलाई महासन्धि कार्यान्वयन गर्न अनुदान वा सहुलियतपूर्ण रुपमा पर्याप्त एवं दिगो बित्तिय श्रोतको ब्यवस्थाका लागि यस महासन्धि बाट एउटा संयन्त्र परिभाषित गरिएको छ । यस संयन्त्रले यो महासन्धिको प्रयोजनको निमित्त पक्षहरुको सम्मेलनको निर्देशन तथा सो सम्मेलन प्रति हुने गरी जवाफदेही र उपयुक्तता

अनुसार सो सम्मेलनको अख्तियारी अन्तर्गत कार्य सम्पादन गर्नेछ । यसको संचालन पक्षहरुको सम्मेलनले निर्णय गरे बमोजिम बिद्यमान अन्तर्राष्ट्रिय संस्था लगायत एक वा सो भन्दा बढी निकायहरुलाई सुम्पिनेछ । बहुपक्षीय, क्षेत्रीय तथा द्धिपक्षीय बित्तिय एवं प्राविधिक सहायता उपलब्ध गराउने अन्य निकायहरु समेत सो संयन्त्रमा रहन सक्नेछन् । संयन्त्रमा गरिने योगदान उपधारा २ मा प्रतिबिम्बित भए बमोजिम तथा सो उपधारा बमोजिम बिकासोन्मुख तथा संक्रमणकालीन अर्थतन्त्र भएका पक्ष मुलुकहरुलाई दिईएको बित्तिय हस्तान्तरण भन्दा थप बित्तिय हस्तान्तरण हुनेछ ।

७. पक्षहरुको सम्मेलनले आफ्नो पहिलो बैठकमा यस महासन्धिको उद्देश्य र उपधारा ६ बमोजिम सो संयन्त्रलाई उपलब्ध गराईने उपयुक्त निर्देशिका पारित गर्नुका साथै बित्तिय संयन्त्रमा सहभागी हुने निकाय वा निकायहरु सितको प्रबन्ध उपरको स्वीकृतिलाई प्रभावकारी बनाउने छ । उक्त निर्देशिकाले अन्य कुराको अतिरिक्त देहायका बिषय समेतलाई सम्बोधन गर्ने छ ।

क) नीति, रणनीति, कार्यक्रम एवं प्राथमिकता साथै बित्तिय साधनमा पहुंच तथा सोको उपयोगको लागि योग्यताका स्पष्ट एवं बिस्तृत मापदण्ड र मार्ग निर्देशिकाको निर्धारण र सोको उपयोगको नियमित रुपमा अनुगमन एवं मूल्यांकन,

ख) यस महासन्धिको कार्यान्वयनसित सम्बन्धित कृयाकलापहरुका लागि पर्याप्त तथा दिगो कोष सम्बन्धमा निकाय वा निकायहरुले पक्षहरुको सम्मेलनमा दिने नियमित प्रतिवेदनको ब्यवस्था,

ग) बहुश्रोतीय कोषको अवधारणा, संयन्त्र एवं ब्यवस्थाको प्रवर्दन,

घ) कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुको बिनाश गर्न दिगो कोषको आवश्यकता पर्दछ भन्ने कुरालाई ध्यानमा राखी यस

नेपाल कानून आयोग

महासन्धिको कार्यान्वयनको निमित्त आवश्यक एवं उपलब्ध कोषको रकमको अनुमान योग्य एवं पहिचान योग्य तरिका निर्धारणका प्रारुपहरु र त्यस्ता रकमको आवधिक रुपमा समीक्षा गर्नुर्ने शर्तहरु,

ङ) इच्छुक पक्षहरु बीचको समन्वयलाई सहज बनाउन सहायता र कोषमा उपलब्ध श्रोत प्रवाहको तरिका सम्बन्धी आवश्यकता, मूल्यांकन तथा जानकारीको ब्यवस्थाका प्रारुपहरु ।

८. पक्षहरुको सम्मेलनले यसको दोश्रो बैठक भन्दा पछि नहुने गरी र त्यसपछि नियमित रुपमा यस धारा अन्तर्गत स्थापित संयन्त्रको प्रभावकारिता, बिकासोन्मुख एवं संक्रमणकालिन अर्थतन्त्र भएका पक्ष मुलुकहरुको बदलिंदो आवश्यकतालाई सम्बोधन गर्न सक्ने यसको क्षमता, उपधारा ७ मा उल्लिखित मापदण्ड तथा निर्देशिका, बित्तिय संयन्त्र संचालन गर्ने जिम्मा दिईएका सस्थागत निकायहरु को कोष प्रवाहको स्तरका साथै कार्य सम्पादनको प्रभावकारिता समेत समीक्षा गर्नेछ । सम्मेलनले त्यस्तो समीक्षाको आधारमा आवश्यकतानुसार सो संयन्त्रको प्रभावकारितामा सुधार ल्याउनुका साथै कोषको दिगो प्रवाहलाई सुनिश्चित गर्ने उपायहरुको सिफारिश एवं निर्देशिकाको माध्यमवाट पक्षहरुको आवश्यकतालाई पूरा गर्ने उपयुक्त कारवाही गर्नेछ ।

## धारा - १४

## अन्तरिम बित्तिय प्रवन्धहरु

पुनर्संरचित बिश्वव्यापी वातावरण सुविधाको स्थापनाको लागि बनेको बिधान अनुसार संचालित बिश्वव्यापी वातावरण सुविधाको संस्थागत संरचना यस महासन्धि लागू भएको मितिदेखि पक्षहरुको सम्मेलनको पहिलो बैठक नबसेसम्मको अवधीको लागि वा पक्षहरुको सम्मेलनले धारा १३ बमोजिम कुन संस्थागत संरचना तोकिने भन्ने निर्णय नगरेसम्मका लागि अन्तरिम रुपमा धारा १३ मा उल्लिखित बित्तिय संयन्त्रको संचालनको जिम्मा

नेपाल कानून आयोग

सुम्पिएको मुख्य संस्था हुनेछ । बिश्वव्यापी वातावरणीय सुविधाको संस्थागत संरचनाले कार्य बिशेषत : कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरुसंग सम्बन्धित कार्यगत उपायहरु मार्फत यस्तो क्षेत्रको लागि नयाँ ब्यवस्था आवश्यक पर्न सक्नेछ भन्ने कुरालाई ध्यानमा राखी पूरा गर्नु पर्नेछ ।

## धारा - १५

## प्रतिवेदन दिने कार्य सम्बन्धी ब्यवस्था

१. प्रत्येक पक्षले यस महासन्धिका प्रावधानहरु कार्यान्वयन गर्न आफूले अपनाएको उपायहरु तथा महासन्धिको उद्देश्य प्राप्तिका निम्ति अपनाईएका उपायहरुको प्रभावकारीताका सम्बन्धमा पक्षहरुको सम्मेलन समक्ष प्रतिवेदन दिनेछ ।

२. प्रत्येक पक्षले सचिवालयलाई देहायका कुरा उपलब्ध गराउनेछ :

क) अनुसूची - क तथा अनुसूची - ख मा सूचीकृत आफ्नो रहेको रसायनहरुको उत्पादन, पैठारी तथा निकासीको कूल परिमाण सम्बन्धी तथ्याङ्कीय आँकडा वा त्यस्तो आँकडाको मनासिव अनुमान, र

ख) संभव भएसम्म, त्यस्ता प्रत्येक पदार्थ आफूले पैठारी निकासी गरिएका राज्यहरुको सूची ।

३. त्यस्तो प्रतिबेदन आवधिक अन्तराल र पक्षहरुको सम्मेलनले आफ्नो पहिलो बैठकको निर्णयद्वारा तोकिएको ढाँचामा हुनेछ ।

नेपाल कानून आयोग

## धारा - १६

## प्रभावकारिता मूल्यांकन

१. सम्मेलनले यो महासन्धि प्रारम्भ भएको मितिले चार बर्षपछि शुरुहुने र त्यसपछि पक्षहरुको सम्मेलन द्वारा निर्णय हुने आवधिक अन्तरालमा यस महासन्धिको प्रभावकारिता मूल्यांकन गर्नेछ ।

२. पक्षहरुको सम्मेलनले त्यस्तो मूल्यांकनलाई सहज बनाउन आफ्नो पहिलो बैठकमा अनुसूची - क, ख र ग मा सूचीकृत रसायनहरुका साथै आफ्ना क्षेत्रीय तथा बिश्वव्यापी वातावरणीय प्रवाहणको बिद्यमानता सम्बन्धी तुलनात्मक अनुगमन तथ्यांक पक्षहरुलाई आफैंले उपलब्ध गराउने बन्दोवस्तहरुको व्यवस्थ ागर्न पहल गर्नेछ । यस्ता बन्दोवस्तहरु :

क) संभव भएसम्म बिद्यमान पक्षहरुले अनुगमन कार्यक्रम तथा संयन्त्र र सामञ्जस्यता अभिबृद्धि गर्ने बिधिको प्रयोग गरी आफ्ना प्राविधिक एवं क्षमता अनुसार उपयुक्त देखिएमा क्षेत्रीय रुपमा कार्यान्वयन गर्नु पर्ने छ ।

ख) अनुगमन सम्बन्धी काम कारवाहीलाई कार्यान्वयन गर्नका लागि क्षेत्रहरु एवं तिनका क्षमता बीचको भिन्नतालाई ध्यानमा राखी आवश्यकता अनुसार पूरक हुन सक्नेछ, र

ग) यसमा पक्षहरुको सम्मेलनले निर्धारण गर्ने अन्तरालमा क्षेत्रीय तथा बिश्वव्यापी आधारमा गरिने अनुगमन सम्बन्धी काम कारवाहीहरुको परिणाम सम्बन्धमा पक्षहरुको सम्मेलन समक्ष दिईने प्रतिवेदन समावेश हुनेछ ।

३. उपधारका १ मा उल्लिखित मूल्यांकन देहायका कुराहरु लगायत बैज्ञानिक, वातावरणीय, प्राविधिक तथा आर्थिक जानकारीको आधारमा गर्नु पर्नेछ :

नेपाल कानून आयोग

क) उपधारा २ बमोजिम उपलब्ध गराईएको प्रतिबेदन तथा अन्य अनुगमन सम्बन्धी जानकारी,

ख) धारा १५ बमोजिम पेश गरिएको राष्ट्रिय प्रतिवेदन, र

ग) धारा १७ अन्तर्गत ब्यवस्था भएको कार्यविधि बमोजिम उपलब्ध गराईएको पालना नभएको जानकारी ।

**धारा - १७**

**पालना नभएको अवस्था**

पक्षहरुको सम्मेलनले यथासक्य छिटो, यस महासन्धिको प्रावधानहरुको पालना नभएको कुरा निर्धारण गर्न र पालना नगर्ने पक्षहरुलाई कारवाही गर्नका लागि कार्यविधि तथा संस्थागत संयन्त्र बिकास गरी स्वीकृत गर्नेछ ।

**धारा - १८**

**बिवादको समाधान**

१. यस महासन्धिको व्याख्या वा कार्यान्वयनको सम्बन्धमा पक्षहरुबीच उठेको बिवाद वार्ता वा पक्षहरुले रोजेको अन्य शान्ति पूर्ण उपायद्धारा समाधान गरिनेछ ।

२. यस महासन्धिको अनुमोदन, समर्थन, स्वीकृति गर्दा वा सम्मिलिन हुँदाका बखत वा त्यसपछि कुनैपनि बखत क्षेत्रीय आर्थिक संगठन वाहेकको पक्षले अभिलेख अधिकारी समक्ष लिखित रुपमा पेश गरेको कागजातमा यस महासन्धिको व्याख्या वा कार्यान्वयन सम्बन्धी कुनै पनि विवादमा त्यस्तै दायित्व स्वीकार गर्ने कुनै पक्षका सम्बन्धमा बिवाद समाधानका देहायका कुनै एक वा दुवै माध्यमहरुलाई अनिवार्य रुपमा मान्यता दिने कुरा घोषणा गर्न सक्नेछ :

नेपाल कानून आयोग

क) पक्षहरुको सम्मेलनद्धारा यथासक्य छिटो पारित हुने अनुसूचीका कार्यविधिहरु बमोजिमको मध्यस्थता,

ख) अन्तर्राष्ट्रिय अदालतमा सउो बिवादको प्रस्तुती ।

३. क्षेत्रीय आर्थिक एकीकरण संगठन पक्षले उपधारा २ को खण्ड (क) मा उल्लिखित कार्यविधि अनुसार मध्यस्थता सरह लागू हुने गरी घोषणा गर्न सक्नेछ ।

४. उपधारा २ वा उपधारा ३ बमोजिम घोषणा यसको शर्त अनुसार समाप्त नभएसम्म वा यसलाई लिखितरुपमा फिर्ता लिएको सूचना अभिलेख अधिकारी समक्ष दर्ता भएको तीन महिना सम्म कायम रहनेछ ।

५. बिवादका पक्षहरुको अन्यथा मञ्जुरी भएकोमा बाहेक घोषणा पत्रको अवधि समाप्त भएको सो फिर्ता लिएको सूचना वा नयाँ घोषणाले मध्यस्थता गर्ने निकाय वा अन्तर्राष्ट्रिय अदालतमा बिचाराधीन रहेको कामकारवाही उपर कुनै पनि रुपमा असर पार्ने छैन ।

६. बिवादका पक्षहरुले उपधारा २ अनुसारकै वा कुनै कार्यविधि स्वीकार नगरेमा र एक पक्षले अर्को पक्षलाई आफूहरु बीच बिवाद कायम रहेको कुराको सूचना दिएको वाह्र महिना भित्र पनि आफूहरु बीचको बिवाद समाधान गर्न नसकेमा बिवादको कुनै पक्षको अनुरोधमा त्यस्तो बिवाद मेलमिलाप आयोगमा पेश गरिनेछ । मेलमिलाप आयोगले सिफारिश सहितको प्रतिवेदन दिनेछ । पक्षहरुको सम्मेलनले आफ्नो दोश्रो बैठक भन्दा पछि नहुने गरी पारित गर्नु पर्ने मेलमिलाप आयोग सम्बन्धी अतिरिक्त कार्यविधि अनुसूचीमा समावेश गरिनेछ ।

## धारा - १९

## पक्षहरुको सम्मेलन

१. यस महासन्धिवाट पक्षहरुको सम्मेलन स्थापना गरिएको छ ।

२. यो महासन्धि लागू भएको एक बर्ष भित्र संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रमका कार्यकारी निर्देशकले पक्षहरुको सम्मेलनको पहिलो बैठक बोलाउनेछ । त्यसपछि पक्षहरुको सम्मेलनका साधारण बैठकहरु सम्मेलनले निर्धारण गरे अनुसारको अन्तरालमा बस्नेछन् ।

३. पक्षहरुको सम्मेलनको बिशेष बैठकहरु सम्मेलनले आवश्यक ठानेको अन्य कुनै समयमा वा कुनै पक्षको लिखित अनुरोधमा बस्न सक्नेछ । तर यस्तो अनुरोध कम्तीमा एक तिहाई पक्षवाट समर्थन भएको हुनु पर्नेछ ।

४. पक्षहरुको सम्मेलनले सर्वसम्मतिवाट यसको पहिलो बैठकमा यसको आफ्नो र यसका सहायक निकायहरुको लागि कार्यविधि सम्बन्धी नियमहरु तथा आर्थिक नियमहरुको साथै सचिवालयको कार्य संचालन गर्न आर्थिक प्रावधानहरु स्वीकार गरी पारित गर्नेछ ।

५. पक्षहरुको सम्मेलनले यस महासन्धिको कार्यान्वयनको निरन्तर समीक्षा एवं मूल्यांकन गर्नेछ । यसले महासन्धिद्धारा आफूलाई तोकिएको कार्यहरु सम्पादन गर्नेछ । यस प्रयोजनको लागि यसले :

क) यस महासन्धिको कार्यान्वयनको निमित्त उपधारा ६ मा उल्लिखित आवश्यकता बमोजिम आफूले आवश्यक ठानेको सहायक निकायहरुको स्थापना गर्नेछ ।

ख) सक्षम अन्तर्राष्ट्रिय संगठनहरु र अन्तर सरकारी तथा गैर सरकारी निकायहरुलाई उपयुक्तता अनुसार सहयोग गर्नेछ ।

नेपाल कानून आयोग

ग) पक्षहरुलाई धारा १५ बमोजिम उपलब्ध गराएको सबै जानकारीका साथै धारा ३ को उपधारा २ को खण्ड (ख) को उप खण्ड (इ) को प्रभावकारिताको पक्षलाई समेत नियमित रुपमा समीक्षा गर्नेछ, र

घ) यस महासन्धिको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने कुनै पनि अतिरिक्त काम गर्न ध्यान दिने तथा सो प्रारम्भ गर्नेछ ।

६. पक्षहरुको सम्मेलनले आफ्नो बैठकमा यस महासन्धि द्वारा कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु पुनरावलोकन समितिलाई तोकिएको कार्यहरु गर्ने उद्देश्यका निम्ति कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु समीक्षा समिति नामक एउटा सहायक अंग स्थापना गर्नेछ । यस सम्बन्धमा :

क) कमिकरुपमा वृद्धि भईरहने स्थायी प्रकृतिका प्रदूषकहरु समीक्षा समितिका सदस्यहरु पक्षहरुको सम्मेलनद्वारा नियुक्त हुनेछन् । समितिको सदस्यमा सरकारद्वारा तोकिएका रसायन मूल्यांकन वा व्यवस्थापनका बिशेषज्ञहरु रहनेछन् । समितिका सदस्यहरु समान भौगोलिक बिभाजनका आधारमा नियुक्त हुनेछन् ।

ख) पक्षहरुको सम्मेलनले समितिको कार्यक्षेत्रगत शर्तहरु संगठन तथा संचालन सम्बन्धमा निर्णय गर्नेछ, र

ग) समितिले आफ्ना सिफारिशहरुलाई सर्वसम्मतिद्वारा पारित गर्ने हरसम्भव प्रयाश गर्नेछ । सर्वसम्मतिका सबै प्रयत्नहरु समाप्त भई सर्वसम्मतिमा पुग्न नसकेमा उपस्थित भई मतदान गर्ने दुई तिहाई सदस्यहरुको बहुमतद्वारा त्यस्तो सिफारिशलाई अन्तिम उपायको रुपमा पारित गरिनेछ ।

नेपाल कानून आयोग

७. पक्षहरुको सम्मेलनले आफ्नो तेश्रो बैठकमा धारा ३ का उपधारा २ को खण्ड (ख) मा उल्लिखित कार्यविधिका साथै यसको प्रभावकारिता माथि बिचार गर्नका लागि निरन्तर आवश्यकताको मूल्यांकन गर्नेछ ।

८. संयुक्त राष्ट्र संघ, यसका बिशिष्टिकृत निकायहरु तथा अन्तर्राष्ट्रिय आणविक उर्जा ऐजेन्सीका साथै यस महासन्धिको पक्ष नरहेको कुनै पनि राज्यले पक्षहरुको सम्मेलनको बैठकमा पर्यवेक्षकको रुपमा प्रतिनिधित्व गर्न सक्नेछन् । महासन्धिको दायरामा पर्ने बिषयमा योग्य कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय सरकारी वा गैर सरकारी निकाय वा संस्था पक्षहरुको सम्मेलनको बैठकमा आफुले पर्यवेक्षकको रुपमा प्रतिनिधित्व गर्ने इच्छा भएको कुरा सचिवालयलाई जानकारी गराएमा उपस्थित कम्तीमा एक तिहाई पक्षहरुलाई बिरोध गरेकोमा बाहेक प्रवेश दिन सकिनेछ । पक्षहरुको सम्मेलनद्धारा पारित गरिएको कार्यविधिका नियमहरुका अधिन पर्यवेक्षकहरुको प्रवेश एवं सहभागिता हुनेछ ।

## धारा - २०
## सचिवालय

१. सचिवालय स्थापना गरिएको छ ।

२. सचिवालयका कार्यहरु देहाय बमोजिम हुनेछन् :

क) पक्षहरुको सम्मेलन र यसका सहायक निकायहरुको बैठकको प्रबन्ध गर्ने र त्यसलाई आवश्यकता अनुसारको सेवा प्रदान गर्ने,

ख) यस महासन्धिको कार्यान्वयनमा खासगरी बिकासोन्मुख एवं संक्रमणकालीन अर्थतन्त्र भएका पक्षहरुको अनुरोधमा सहायता पु-याउने,

नेपाल कानून आयोग

ग)	अन्य सम्बन्धित अन्तर्राष्ट्रिय निकायका सचिवालयहरु संग आवश्यक समन्वय सुनिश्चित गर्ने,

घ)	धारा १५ बमोजिम प्राप्त जानकारीमा आधारित आवधिक प्रतिवेदन एवं प्राप्त अन्य जानकारी तयार गरी पक्षहरुलाई उपलब्ध गराउने,

ङ)	पक्षहरुको सम्मेलनले दिएको समग्र मार्गदर्शन बमोजिम यसका कार्यहरु प्रभावकारी रुपले गर्न आवश्यक पर्ने प्रशासकीय एवं करारीय प्रबन्धहरु गर्ने, र

च)	यस महासन्धिमा तोकिएका सचिवालयका अन्य कार्यहरु तथा पक्षहरुको सम्मेलनवाट निर्धारण भएका अन्य कार्यहरु गर्ने,

३.	पक्षहरुको सम्मेलनले उपस्थित भई मतदान गर्ने पक्षहरुको तीन चौथाई बहुमतद्धारा सचिवालयका कार्यहरु एक वा सो भन्दा बढी अन्तर्राष्ट्रिय संगठनहरुलाई सुम्पिने निर्णय गरेकोमा बाहेक यस महासन्धिका लागि सचिवालयका कार्यहरु संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमका कार्यकारी निर्देशकले सम्पादन गर्नेछ ।

**धारा - २१**

**महासन्धिको संशोधन**

१.	कुनै पनि पक्षले यस महासन्धिमा संशोधन प्रस्ताव गर्न सक्नेछ ।

२.	पक्षहरुको सम्मेलनको बैठकवाट यस महासन्धिको संशोधन पारित हुनेछ । सचिवालयले यस महासन्धिको संशोधन प्रस्तावको प्रति संशोधन पारित गर्नका लागि बैठक बस्नु भन्दा कम्तीमा ६ महिना अगावै पक्षहरुलाई पठाउनेछ । सचिवालयले संशोधनको प्रस्ताव यस महासन्धिमा हस्ताक्षकारीहरु र जानकारीका लागि अभिलेख अधिकारी पठाउनेछ ।

नेपाल कानून आयोग

३. यस महासन्धिको संशोधनको सर्वसम्मत रुपवाट सहमतिमा पुग्न पक्षहरुले हर सम्भवन प्रयास गर्नेछन् । सहमतिमा पुग्ने सम्पूर्ण प्रयासहरु समाप्त भई सहमतिमा पुग्न नसकिएमा अन्तिम उपायको रुपमा उपस्थित भई मतदान गर्ने पक्षहरुको तीन चौथाई बहुमतवाट पारित गरिनेछ ।

४. अभिलेख अधिकारीले त्यस्तो संशोधन अनुमोदन, समर्थन वा स्वीकृतिका लागि सम्पूर्ण पक्षहरुलाई पठाउनेछ ।

५. संशोधनको अनुमोदन समर्थन वा स्वीकृतिको सूचना अभिलेख अधिकारीलाई लिखित रुपमा दिनु पर्नेछ । उपधारा ३ बमोजिम कम्तीमा तीन चौथाई पक्षहरुवाट सैशोधनको अनुमोदन, समर्थन वा स्वीकृत अभिलेख अधिकारी समक्ष दाखिल गरेको नब्बेऔं दिन देखि त्यस्ता पक्षहरुको निमित्त लागू हुनेछ । त्यसपछि संशोधन, अन्य पक्षहरुको निमित्त सो संशोधनमा अनुमोदन, समर्थन वा स्वीकृति गरी अभिलेख अधिकारी समक्ष आफुले दाखिला गरेको मितिले नब्बेऔं दिन देखि लागू हुनेछ ।

**धारा - २२**

**अनुसूचीहरुको ग्रहण र संशोधन**

१. यस महासन्धिका अनुसूचीहरु यसका अभिन्न भागको रुपमा रहने छन् र स्पष्ट रुपमा अन्यथा ब्यवस्था गरिएकोमा वाहेक यस महासन्धिको उल्लेखनले सोही बखत त्यस्को कुनै पनि अनुसूचीको उल्लेखन समेतलाई जनाउनेछ ।

२. कुनै पनि अतिरिक्त  अनुसूचीहरु कार्यविधिगत, बैज्ञानिक, प्राविधिक वा प्रशासनिक कुराहरुमा सीमित हुनेछन् ।

३. यस महासन्धिका अतिरिक्त  अनुसूचीहरुको प्रस्ताव, ग्रहण र प्रारम्भका सम्बन्धमा देहाय बमोजिमका कार्यबिधा लागू हुनेछन् :

नेपाल कानून आयोग

क) धारा २१ उपधारा १,२ र ३ मा उल्लेख भए बमोजिम अतिरिक्त अनुसूचीको प्रस्ताव २ पारित गरिनेछ ।

ख) अतिरिक्त अनुसूची स्वीकार गर्न असमर्थ भएको कुनै पनि पक्षले अभिलेख अधिकारीले त्यस्तो अतिरिक्त अनुसूची पारित गरेको जानकारी दिएको मितिले एकवर्ष भित्र सो कुराको लिखित सूचना अभिलेख अधिारी गराउनु पर्नेछ । कुनै पक्षले अतिरिक्त अनुसूचीको स्वीकार नगरेको सम्बन्धमा पहिले दिएको सूचना कुनैपनि बखत फिर्ता लिन सक्नेछ, र त्यसपति त्यस्तो अनुसूची सो पक्षको निमित्त खण्ड (ग) को अधीनमा रही तुरुन्त लागू हुनेछ ।

ग) अतिरिक्त अनुसूची पारित गरेको जानकारी अभियान अधिकारीले दिएको मितिले एक बर्षको अवधी भुत्तान भएपछि त्यस्तो अनुसूची खण्ड (ख) को प्रावधान बमोजिमको सूचना पेश नगर्ने सम्पूर्ण पक्षहरुका निमित्त लागू हुनेछ ।

४. अनुसूची - क, ख वा ग को संशोधनको. सम्बन्धमा धारा २५ को उपधारा ४ बमोजिम घोषणामा बाहेक अनुसूची - क, ख वा ग को अनुसूचीहरुको संशोधनको प्रस्ताव तथा प्रारम्भ यस महासन्धिका अतिरिक्त अनुसूचीहरुको प्रस्ताव, ग्रहण तथा प्रारम्भका सम्बन्धमा लागू हुने कार्यविधि सरह नै हुनेछ । त्यस्तो अवस्थामा त्यस्तो संशोधनका सम्बन्धमा आफ्नो अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको लिखत अभिलेख अधिकारी समक्ष दाखिला गरेको नब्बेऔं दिन देखि त्यस्तो कुनै संशोधन सो पक्षको निमित्त लागू हुनेछ ।

५. अनुसूची - घ,ङ वा च को संशोधनको प्रस्ताव ग्रहण र प्रारम्भका सम्बन्धमा देहाय बमोजिमको कार्यविधि लागू हुनेछ :

क) धारा २१ को उपधारा १ तथा २ मा उल्लिखित कार्यविधि बमोजिम संशोधनको प्रस्ताव गरिनेछ ।

ख)	पक्षहरुले अनुसूची - घ, ङ वा च को संशोधन सम्बन्धमा सर्वसम्मत रुपले निर्णय गर्नेछन्, र

ग)	अभिलेख अधिकारीले अनुसूची - घ, ङ वा च मा संशोधन गर्ने निर्णयको जानकारी पक्षहरुलाई तुरुन्त दिनेछ । सम्पूर्ण पक्षहरुको निमित्त त्यस्तो संशोधन निर्णयमा उल्लेख गरिएको मितिदेखि लागू हुनेछ ।

६.	अतिरिक्त अनुसूची वा अनुसूचीको संशोधन यस महासन्धिको संशोधनसंग सम्बन्धित भएमा त्यस्तो अतिरिक्त अनुसूची वा संशोधन यस महासन्धिको संशोधन प्रारम्भ नभएसम्म लागू हुनेछैन ।

### धारा - २३
### मताधिकार

१.	उपधारा २ मा मा अन्यथा व्यवस्था भएको बाहेक यस महासन्धिका प्रत्येक पक्षलाई एउटा मत हुनेछ ।

२.	क्षेत्रीय आर्थिक एकीकरण संगठनले आफ्नो सक्षमता भित्र रहेका बिषयमा यस महासन्धिका पक्ष रहेका सदस्य संख्या बराबर मतदान गर्ने अधिकार प्रयोग गर्नेछ । यस्तो संगठनका सदस्य राज्यहरुले आफ्नो मताधिकार प्रयोग गरेका त्यस्तो संगठनलाई र त्यस्तो संगठनले आफ्नो मताधिकार प्रयोग गरेमा त्यस्तो राज्यहरुलाई मतदानको अधिकार हुने छैन ।

### धारा - २४
### हस्ताक्षर

यो महासन्धिमा सम्पूर्ण राज्यहरु र क्षेत्रीय आर्थिक एकीकरण संगठनहरु द्धारा हुने हस्ताक्षरको निमित्त सम्बत् २०५८ साल जेठ १० गते तद्नुसार २३ मे २००१ मा स्टकहोममा र सम्बत् २०५८ साल जेठ ११ गते देखि सम्बत् २०५९

नेपाल कानून आयोग

साल जेठ ८ तद्नुसार २४ मे २००९ देखि २२ मे २००२ सम्म संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय न्यूयोर्कमा खुला राखिनेछ ।

## धारा - २५

## अनुमोदन, समर्थन, स्वकृति र सम्मिलन

१. यो महासन्धि राज्यहरु र क्षेत्रीय आर्थिक संगठनहरुबाट अनुमोदन स्वीकृति वा समर्थन गर्नु पर्नेछ । यो महासन्धिमा हस्ताक्षर गर्ने मिति समाप्त भएको दिन देखि राज्यहरु र क्षेत्रीय आर्थिक एकीकरण संगठन द्वारा यसको सम्मिलनको निमित्त खुला हुनेछ । अनुमोदन समर्थन, स्वीकृति वा सम्मिलनको लिखत अभिलेख अधिकारी समक्ष दाखिला गरिनेछ ।

२. आफ्ना सदस्य राज्यहरु पक्ष नभई यस महासन्धिका पक्ष भएको कुनै क्षेत्रीय आर्थिक एकीकरण संगठनलाई यस महासन्धि अन्तर्गतका सम्पूर्ण दायित्वहरु बन्धनकारी हुनेछन् । यस्ता संगठनहरुको सम्बन्धमा त्यस्को एक वा सो भन्दा बढी सदस्य राज्यहरु यस महासन्धिको पक्ष भएमा यस्तो संगठन तथा सदस्य राज्यले यस महासन्धि अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि आ-आफ्नो दायित्व सम्बन्धमा निर्णय गर्नेछन् । यस स्थितिमा त्यस्तो संगठन र सदस्य राज्यहरुले एकै पटक यस महासन्धि अन्तर्गतका अधिकारहरुको प्रयोग गर्न पाउने हक प्राप्त हुने छैन ।

३. अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको लिखतमा आर्थिक एकीकरण संगठनले यस महासन्धिद्धारा व्यवस्थित कुराहरुका हकमा आफु कति हदसम्म सक्षम छ भन्ने कुराको घोषणा गर्नेछ । त्यस्तो संगठनले आफ्नो सक्षमताको हदका सम्बन्धमा गरेको सम्बद्ध परिवर्तनको जानकारी समेत अभिलेख अधिकारीलाई समेत गराउनेछ र त्यसपछि अभिलेख अधिकारीले सो कुराको जानकारी पक्षहरुलाई गराउनेछ ।

नेपाल कानून आयोग

४. कुनै पनि पक्षले आफ्नो अनुमोदन, समर्थन, स्वीकृत वा सम्मिलनको लिखतमा अनुसूची क, ख वा ग मा गरिएको कुनै संशोधन सम्बन्धी आफ्नो अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको लिखत दाखिल गरे पछि मात्र आफ्नो हकमा लागू हुनेछ भनी घोषणा गर्न सक्नेछ ।

## धारा - २६

### प्रारम्भ

१. अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको पचासौं लिखत दाखिला भएको मितिले नब्बेऔं दिन देखि यो महासन्धि लागू हुनेछ ।

२. यो महासन्धिको अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको पचासौं लिखत दाखिला भएपछि बस महासन्धिको अनुमोदन, समर्थन, स्वीकृत गर्ने वा यसमा सम्मिलन हुने प्रत्येक राज्य वा क्षेत्रीय आर्थिक एकीकरण संगठनको हकमा त्यस्तो राज्य वा क्षेत्रीय आर्थिक एकीकरण संगठनले आफ्नो अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको लिखत दाखिल गरेको मितिले नब्बेऔं दिनपछि यो महासन्धि प्रारम्भ हुनेछ ।

३. उपधारा १ र २ को प्रयोजनको निमित्त क्षेत्रीय आर्थिक एकीकरण संगठन द्वारा दाखिल गरिएको कुनै लिखित सो संगठनको सदस्य राज्यले दाखिला गरेको अतिरिक्त लिखितको रुपमा गणना गरिने छैन ।

## धारा - २७

### आरक्षण

यस महासन्धिमा आरक्ष राख्न सकिने छैन ।

नेपाल कानून आयोग

## धारा - २८

## फिर्ता लिने

१. कुनै पक्षका निमित्त यो महासन्धि प्रारम्भ भएको मितिले तीन बर्षपछि सो पक्ष कुनैपनि बखत अभिलेख अधिारीलाई लिखित सूचना दिई यस महासन्धिवाट फिर्ता हुन सक्नेछ र फिर्ता लिएको कुराको सूचना अभिलेख अधिारीले प्राप्त गरेको मितिले एक बर्ष भुक्तान भएपछि वा फिर्ता लिएको सूचनामा निर्धारण गरिने सो भन्दा पछिको मिति देखि, त्यसरी फिर्ता लिएको कुरा प्रभावकारी हुनेछ ।

## धारा - २९

## अभिलेख अधिकारी

संयुक्त राष्ट्रसंघका महासचिव यस महासन्धिको अभिलेख अधिकारी हुनेछ ।

## धारा - ३०

## आधिकारिक प्रतिहरु

यस महासन्धिका अरबी, चिनियाँ, अंग्रेजी, फ्रान्सिसी, रुसी र स्पेनिश भाषाका सक्कल प्रतिहरु समान रुपले प्रमाणिक हुनेछन् र संयुक्त राष्ट्रसंघको महासचिव समक्ष अभिलेख गरिनेछन् ।

यसको प्रमाणस्वरुप, यस प्रयोजनको निमित्त बिधिवत अख्तियारी अधिकार दिईएका देहायका हस्ताक्षरकारीहरुले यस महासन्धिमा हस्ताक्षर गरेका छन् ।

स्टकहोममा आज सम्बत् २०५८ साल जेठ ९ गते तद्नुसार २२ मे २००१ का दिन सम्पन्न भयो ।

नेपाल कानून आयोग

## अनुसूची - क

## निराकरण

## भाग - १

| रसायन | कृयाकलाप | बिशेष छूट |
|---|---|---|
| एल्ड्रिन सीएएस नं. ३०९-००-२ | उत्पादन | नरहेको |
| | प्रयोग | वाह्य परजीवी नासक कीटनाशक |
| कलोरडेन सीएएस नं. ५७-७४-९ | उत्पादन | दर्ता (किताव) मा सूचीकृत पक्षहरुलाई अनुमानित प्राप्त भए अनुसार |
| | प्रयोग | व्यह्य परजीवी नाशक कीटनाशक, धमिरानाशक भवन तथा बाँधहरुका धमिरानशक सडकका धमिरा नाशक प्लाइउड टास्ने गुंदमा मिसाउने |
| डेल्ड्रिन सीएएस नं. ६०-५७-१ | उत्पादन | नरहेको |
| | प्रयोग | कृषि सम्बन्धी कृयाकलापहरुमा |
| एल्ड्रिन सीएएस नं. ७२-२०-८ | उत्पादन | नरहेको |
| | प्रयोग | नरहेको |
| हेप्टाल्कोर सीएएस नं. ७६-४४-८ | उत्पादन | नरहेको |
| | प्रयोग | धमिरानाशक, भवनका संरचनाका धमिरानाशक<br>धमिरानाशक (भूमिगत)<br>काठको बचाउ गर्ने<br>भूमिगत केबल (तार) का वाकसहरुमा प्रयोग हुने |
| हेक्जाक्लोरोबेन्जन | उत्पादन | दर्ता (किताब) मा सूचीकृत पक्षहरुलाई |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| सीएएस नं. ११८-७४-१ | | अनुमति प्राप्त भए अनुसार |
| | प्रयोग | जीवनाशक बिषादी निर्माणमा अन्तरिम रसायनको प्रयोग हुने बन्द प्रणाली वा सीमित स्थानमा प्रयोग हुने अन्तरिम रसायन |
| भिरेक्स सीएएस नं. २३८५-८५-५ | उत्पादन | दर्ता (किताव) मा सूचीकृत पक्षहरुलाई अनुमति प्राप्त भए अनुसार |
| | प्रयोग | धमिरानाशक |
| टेक्सापेन सीएएस नं. ८००१-३५-२ | उत्पादन | नरहेको |
| | प्रयोग | नरहेको |
| पोलिकोलोरिनेटेड बाइफेनिक्स | प्रयोग | नरहेको |
| पीसीभी | प्रयोग | यस अनुसूचीको भाग २ को प्रावधान अनुसार प्रयोगमा रहेका बस्तुहरु |

नेपाल कानून आयोग

**दृष्टव्य :**

१. यस महासन्धिमा अन्यथा उल्लेख भएकोमा वाहेक उत्पादन एवं बस्तुहरुमा अइविछत दूषण अंशको रुपमा उत्पादन हुने रसायनको परिमाणलाई यस अनुसूचीमा सूचीकृत भएके मानिने छैन ।

२. धारा ३ को उपधारा २ को प्रयोजनको निमित्त यस दृष्टव्यलाई उत्पादन एवं प्रयोगको बिशेष छुटको रुपमा मानिने छैन । कुनै रसायनसित सम्बन्धित दायित्व लागू हुनु अगाडि वा लागू हुंदाका बखत उत्पादित वा प्रयोगमा आईसकेको बस्तुहरुको अवयनको रुपमा उत्पन्न हुने सो रसायनको परिमाणलाई यस अनुसूचीमा सूचीकृत भएको मानिने छैन । तर कुनै पक्षले कुनै खास प्रकारको बस्तु त्यस्तो पक्षकहां प्रयोगमा रहेको छ भन्ने कुरा सचिवालयलाई सुचित गरेको हुनु पर्दछ । सचिवालयले त्यस्तो सूचना सार्वजनिक रुपमा उपलब्ध गराउनेछ ।

३. यस अनुसूचीको भाग १ मा रसायनको महलमा रहेको नामको पछाडि तारा ( एस्टेरीक) अंकित भएको रसायनको सम्बन्धमा लागू नहुने यस दृष्टव्यलाई धारा ३ को उपधारा २ को प्रयोजनका निमित्त उत्पादन एवं प्रयोग बिशेष छूटको रुपमा मानिने छैन । बन्द प्रणाली क्षेत्र सीमित मध्यवर्ती ( इन्टरमेडियट) उत्पादन एवं प्रयोगको अवधिभर सो रसायनको उल्लेख परिमाण मानव तथा वातावरणमा पुगेको छैन भन्ने अपेक्षाको बिद्यमानतामा कुनै पक्षले सचिवालयलाई सूचना गर्दाको बखतमायस अनुसूचीमा सूचीकृत कुनै रसायनको उत्पादन एवं प्रयोगको परिमाणलाई अनुसूची - घ को प्रकरण १ मा रहेको आधारलाई मनन गरी सो रसायन अन्य रसायनको उत्पादनमा रासायनिक तरिकाले रुपान्तरण भएको र त्यसले चीरस्थायी जैविक प्रदूषकहरुका गुणहरु देखाउंदैन भनी एउटा बन्द प्रणाली क्षेत्र सीमित अन्तरवतीको रुपमा अनुमति दिन सक्नेछ । यस सूचनामा त्यस्तो रसायनको

कूल उत्पादन एवं प्रयोग सम्बन्धी जानकारी वा त्यस्तो जानकारीको मनासिव अनुमान र अन्तिम उत्पादनमा चीरस्थायी जैविक प्रदूषक देखिन शुरु हुने पदार्थको कुनै पनि रुपान्तरण नगरिएको तथा नियोजित विनाशी भेटिएको प्रदूषणको परिमाण लगायतका बन्द प्रणाली क्षेत्र सीमित प्रकृयाको गुण सम्वन्धी जानकारी समावेश हुनु पर्नेछ । यस अनुसूचीमा अन्यथा तोकिएकोमा वाहेक यो कार्यविधि लागू हुनेछ । सचिवालयले त्यस्ता सूचनाहरु पक्षहरुको सम्मेलन र सर्वसाधारणलाई उपलब्ध गराउनेछ । त्यस्तो उत्पादन वा प्रयोगलाई उत्पादन वा प्रयोगको बिशेष छूटको रुपमा लिईने छैन । सम्बन्धित पक्षले सचिवालयमा नयाँ सूचना पेश गरेकोमा वाहेक सो उत्पादन तथा प्रयोग दश बर्ष पछि समाप्त हुनेछ । यस्तो अवस्थामा पक्षहरुको सम्मेलनले उत्पादन एवं प्रयोगको समीक्षा गरी अन्यथा निर्णय गरेकोमा वाहेक सो अवधि थप दश बर्षका लागि बिस्तार हुनेछ । सूचना प्रकाशन गर्नेकाम प्रकृया दोहोरिन सक्नेछ ।

४. यस अनुसूचीको भाग २ मा व्यवस्था भए बमोजिम पोलिक्लोरिनेटेड वाइफेनिक्सको प्रयोग वाहेकका प्रयोगमा आएका वस्तुहरु सहित धारा ४ बमोजिम आफ्नो हकमा छूट दर्ता गर्ने पक्षहरुले यस अनुसूचीमा रहेका सम्पूर्ण बिशेष छूटहरु उपभोग गर्न सक्नेछन् जसलाई सबै पक्षहरुले समेत उपयोग गर्न सक्नेछन् ।

## भाग - २

## पोलिक्लोरिनेटेड वाइफेनिल्स

प्रत्येक पक्षले

क) सन् २०१५ सम्म उपकरण (धस्तै : ट्रान्सफरमर्स, क्योपासिटर्स वा तरल बस्तु रहेका अन्य भाडाहरु) मा रहेको पोलिक्लोरिनेटेड वाईफेनिल्स को प्रयोग अन्त्य गर्ने सम्बन्धमा पक्षहरुको सम्मेलनद्धारा गरिने समीक्षाको अधीनमा रही निम्न प्राथमिकता बमोजिम कारवाही गर्नेछ :

१. १० प्रतिश भन्दा बढी पोलिक्लोरिनेटेड वाइफेनिल्स २५ लिटर भन्दा बढी परिमाण रहेको उपकरणको पहिचान लेबलिङ्ग तथा त्यसको प्रयोगलाई हटाउन दृढ प्रयाश गर्ने,

२. ०.०५ प्रतिशत भन्दा बढी पोलिक्लोरिनेटेड वाइफेनिल्स २५ लिटर भन्दा बढी परिमाण रहेको उपकरणको पहिचा, लेबलिङ्ग तथा त्यसको हटाउन दृढ प्रयास गर्ने,

३. ०.००५ प्रतिशत पोलिक्लोरिनेटेड वाइफेनिल्स र ५ लिटर भन्दा बढी परिमाण रहेको उपकरणको पहिचान तथा त्यसको प्रयोगलाई हटाउन प्रयत्न गर्ने ।

ख) खण्ड (क) का प्राथमिकताहरु अनुरुप हुनेगरी पोलिक्लोरिनेटेड वाइफेनिल्सको प्रयोग नियन्त्रण गर्नका लागि खुलापन तथा जोखिम हटाउन देहायका उपायहरुलाई पूबर्द्धन गर्नेछ :

१. कसिएको र नचुहिने उपकरणमा र वातावरणीय बिश्कासनवाट हुने जोखिमलाई घटाउन सकिने तथा तुरुन्त तयसको उपाय अबलम्बन गर्न सकिने क्षेत्रमा मात्र प्रयोग गर्ने,

२. खाद्यान्न वा दाना पदार्थको उत्पादन वा प्रशोधन गर्ने कामसंग सम्बन्धित क्षेत्रमा रहेको उपकरणमा प्रयोग नगर्ने,

३. बिद्यालय तथा अस्पताल लगायतका मानिसहरु बढी भएको क्षेत्रमा प्रयोग गर्दा आगलागी हुन सक्ने बिद्युतीय असफलतावाट बचाउन र चुहावट उपकरणको नियमित निरीक्षण गर्न सबै सचित उपायहरु गर्ने,

ग) धारा ३ को उपधारा २ मा जेसुकै लेखिएको भएतापनि खण्ड (क) मा उल्लेख भए अनुरुप पोलिक्लोरिनेटेड वाइफेनिल्स रहेको उपकरण वातावरणीय दृष्टिले उपयुक्त तरिकाले फोहरमैला ब्यवस्थापन गर्ने प्रयोजनका निमित्त बाहेक निकासी वा पैठारी गरिने छैन भन्ने कुरा सुनिश्चय गर्नेछ ।

घ) मर्मत तथा सेवा कार्यका निमित्त वाहेक ०.००५ प्रतिशत भन्दा माथि पोलिक्लोरिनेटेड वा वाइफेनिल्सको मात्रा रहेको तरल पदार्थको अन्य उपकरणमा पुन प्रयोग गर्ने प्रयोजनका लागि पूनर्प्राप्ति (रिकभरी) गर्न स्वीकार गर्ने छैन ।

ङ) धारा ६ को उपधारा १ बमोजिम सन् २०२८ भन्दा पछि नहुने गरी यथासक्य चाँडो पक्षहरुको सम्मेलन द्धारा गरिने समीक्षाको अधीनमा रही पोलिक्लोरिनेटेड वाइफेनिल्स रहेको तरल पदार्थहरु तथा ०.००५ प्रतिशत भन्दा माथि पोलिक्लोरिनेटेड वाइफेनिल्स द्धारा दूषित उपकरण लाई वातावरणीय दृष्टिले उपयुक्त तरिकाले फोहरमैला ब्यवस्थापन गर्ने तर्फ निर्देशित दृढ प्रयत्न गर्नेछ ।

च) यस अनुसूचीको भाग २ को बुंदा (२) को सट्टामा ०.००५ प्रतिशत भन्दा बढी पोलिक्लोरिनेटेड वाइफेनिल्स रहेको अन्य वस्तुहरु (जस्तै केबुल शिआथस, क्यापेड काल्क) र लेपन गरिएको वस्तुलाई पहिचान

गर्न तथा धारा ६ को उपधारा १ बमोजिम व्यवस्थापन गर्न प्रयत्न गर्नेछ ।

छ) हरेक पाँच बर्षमा पोलिक्लोरिनेटेड वाइफेनिल्स निराकरण गर्नमा भएको प्रगतिको प्रतिवेदन उपलब्ध गराउनेछ र यसलाई धारा १५ बमोजिम पक्षहरुको सम्मेलनमा पेश गर्नेछ ।

ज) खण्ड (छ) मा उल्लेख गरिएको प्रतिबेदन उपयुक्तता अनुसार पक्षहरुको सम्मेलन द्धारा पोलिक्लोरिनेटेड वाइफेनिल्स सम्बवन्धी आफ्नो समीक्षामा ध्यान दिईनेछ । पक्षहरुको सम्मेलनले त्यस्ता प्रतिवेदनहरुलाई ध्यानमा राखी उपयुक्तता अनुसार पांच बर्षको अन्तराल वा अन्य समयावधिमा पोलिक्लोरिनेटेड वाइफेनिल्स निराकरण गर्ने तर्फ प्रगति समीक्षा गर्नेछन् ।

## अनुसूची - ख

## सीमित गर्ने कार्य

## भाग - १

| रसायन | कृयाकलाप | स्वीकार्य प्रयोजन वा बिशेष छूट |
|---|---|---|
| डीडीटी<br>(१-१-१-ट्रिक्लोरो - २-२- विस, (४ क्लोरोफिनायल इथिन)<br>सीएएस नं ५०-२९-३ | उत्पादन | स्वीकार्य प्रयोजन<br>यस अनुसूचीको भाग २ बमोजिम रो संवाहकलाई नियन्त्रण गर्न गरिने प्रयोग<br>बिशेष छूट<br>डाडकोफोलको अन्तरर्वर्ती उत्पादनमा अन्तरर्वर्ती |
| | प्रयोग | स्वीकार्य प्रयोजन यस अनुसूचीको भाग २ बमोजिम रोग संवहकलाई नियन्त्रण गर्न गरिने प्रयोग<br>बिशेष छूट :<br>डाइकोफोलको अन्तरवर्ती उत्पादन |

दृष्टव्य :

१. यस महासन्धिमा अन्यथा उल्लेख भएकोमा वाहेक उत्पादन तथा बस्तुहरुमा नियोजित बिनाका दूषण अंशको रुपमा उध्त्पन्न हुने रसायनको परिमाणलाई यस अनुसूचीमा सूचीकृत भएको मानिने छैन ।

२. धारा ३ को उपधारा २ को प्रयोजनका निमित्त यस दृष्टव्यलाई उत्पादन तथा स्वीकार्य प्रयो.जनको प्रयोग वा बिशेष छूटको रुपमा मानिने छैन । कुनै रसायनसित सम्बन्धित दायित्व लागू हुनु अगाडि वा

लागू हुंदाको बखत उत्पादित वा प्रयोगमा आईसकेको बस्तुहरुको अवयवको रुपमा उत्पन्न हुने सो रसायनको परिमाणलाई यस अनुसूचीमा सूचीकृत भएको मानिने छैन । तर कुनै पक्षले कुनै खास प्रकारको वस्तु सो पक्ष कहाँ प्रयोगमा छ भन्ने कुरा सचिवालयलाई सूचित गरेको हुनु पर्दछ । सचिवालयले त्यस्तो सूचना सार्वजनिक रुपमा उपलब्ध गराउनेछ ।

३. धारा ३ को उपधारा २ को प्रयोजनको निमित्त यस दृष्टब्यलाई उत्पादन तथा प्रयोगको बिशेष छूटको रुपमा मानिने छैन । बन्द प्रणाली क्षेत्र सीमित अन्तरिम उत्पादन एवं प्रयोगको अवधिभर सो रसायनको उल्लेख्य